दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्भनुहोस् ।

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक १७ | बुटवल | २०८१ पौष २७, गते शनिबार | नेपाल संवत ११४५ | Saturday Jan 11, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## पूर्व–पश्चिम राजमार्ग अवरुद्ध

**रामकुमार श्रेष्ठ**

*परासी*

पूर्व-पश्चिम राजमार्गको बुटवल-नारायणगढ सडक खण्डमा पर्ने दाउन्नेमा सडक पूर्णरुपमा सञ्चालनमा आउन नपाउँदै नवलपुरको विनयी त्रिवेणी गाउँपालिका १ दुम्किबासको विनयी खोलामा पुल भाँचिएर सडक पुन पूर्ण अवरुद्ध भएको छ ।

पूर्वपश्चिम राजमार्गअन्तरगतको बुटवल-नारायणगढ सडक खण्डमा अधिकांश पुलहरु जीर्ण रहेका थिए । जसले गर्दा यहाँ पटक पटक पुल भाँचिएर सडक अवरुद्ध हुने गरेको थियो ।

नवलपुरका प्रमुख जिल्ला अधिकारी अरुण पोखेलले शुक्रबार साँझ ५ बजेतिर पुल भाँचिएर भाँसिदा सडक अवरुद्ध भएको जानकारी दिए । उनले प्रहरी र चाइना स्टेट कम्पनीलाई डाइभर्सन निकाल्न भनिएको र तत्काल बाटो खुल्ने अवस्था नरहेको बताए ।

जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी नायव उपरीक्षक जेशी शाहले पुल भाँचिएपछि बाटो अवरुद्ध भएको जानकारी गराउँदै डाइभर्सन नबन्दासम्मलाई वैकल्पिक बाटो खोजिएको बताए ।

भारतीय हेबी ट्रक एन एल ०१ ए एच ५१७९ नम्बरको ट्रक पुलबाट पास हुने क्रममा पुल एक्कासी भाँचिएको हो ।

यसअघि दाउन्नेमा सडक अवरुद्ध भएका कारण लामो समय पुलमा धेरै सवारी साधन रोकिंदा पुल थप कमजोर बनेको थियो । पूर्वपश्चिम राजमार्गको बुटवल नारायणगढ खण्डमा पूर्वपश्चिम राजमार्ग निर्माणका क्रममा बनेका यहाँ रहेको अधिकांश पुलहरु जीर्ण बनेका छन् ।


» *बाँकी ३ पेजमा*


## महँगी दर १४ महिनायताकै उच्च

बुटवल । गत आर्थिक वर्षमा केही नियन्त्रणमा देखिएको मूल्यवृद्धि चालु आर्थिक वर्षको दोस्रो त्रैमासदेखि पुनः बढ्न लागेको छ । चालु आर्थिक वर्ष २०८१/०८२ को मंसिरमा वार्षिक उपभोक्ता मुद्रास्फीति १४ महिनायताकै उच्च पुगेको छ । २०८१ मंसिर महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ६.०५ प्रतिशत रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ ।

गत आर्थिक वर्ष २०८०/८१ को मंसिरमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ४.९५ प्रतिशत रहेको थियो । २०८० असोजमा ७.५० प्रतिशत रहेको मुद्रास्फीति त्यसयता लगातार ६ प्रतिशतभन्दा तल रहेको थियो । चालु आर्थिक वर्षको मंसिरमा भने ६ प्रतिशत नाघेको नेपाल राष्ट्र बैंकले जनाएको छ ।

महँगी दर बढ्दै जाँदा खाद्य तथा पेयपदार्थको समूहको मुद्रास्फीति दोहोरो अंक नजिक पुगेको छ । मंसिरमा उक्त समूहको वार्षिक बिन्दुगत मुद्रास्फीति ९.९९ प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ । गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.९२ प्रतिशत रहेको छ ।


» *बाँकी ३ पेजमा*


**सुप्रिम सहकारी अनुसन्धान प्रतिवेदन :**

# रविलाई चार करोड मागदाबीसहित मुद्दा चलाउनुपर्ने आशय

**लामिछानेलाई मुद्दा चलाउनुपर्ने आशयसहितको प्रतिवेदन सरकारी वकिलको कार्यालयलाई प्रहरीले बुझाएको छ । जसमा चार करोड मागदाबी र ४२ जना प्रतिवादी हुने उल्लेख गरिएको छ ।**

**आचार्य प्रदीप**

*बुटवल*




बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणमा समेत मुछिएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति तथा पूर्वगृहमन्त्री रवि लामिछानेलाई मुद्दा चलाउनुपर्ने आशयसहित सरकारी वकिलको कार्यालयलाई अनुसन्धान प्रतिवेदन बुझाएको छ ।

प्रतिवेदनअनुसार लामिछानेविरुद्ध बुटवलको सुप्रिम सहकारीको रकम अपचलनमा चार करोड रुपैयाँ बढीको बिगो मागदाबी हुने भएको छ ।

आइतबारदेखि नै प्रतिवेदन बुझाउने तयारी गरेको बुटवल प्रहरीले बिहीबार मात्रै प्रतिवेदन बुझाएको इलाका प्रहरी कार्यालय बुटवलका डीएसपी विजय पण्डितले जानकारी दिए ।

रवि गृहमन्त्री रहेकै बेला सुप्रिमको मुद्दा ३ बैशाखमा अदालतमा दर्ता भएको थियो । त्यतिबेला एक हजार ८३१ बचतकर्ताको ८६ करोड १८ लाख २३ हजार ७५४ रुपैयाँ हिनामिना गरेको दाबी गर्दै २८ जनाविरुद्ध मुद्दा दायर भएको थियो । सोही समयमा रविलाई भैरहवा ल्याएर बयान लिइएको थियो । सो बयानको आधारमा लामिछानेलाई मुद्दा दर्ता गर्ने आयशसहितको प्रतिवेदन सरकारी वकिलको कार्यालयलाई प्रहरीले प्रदान गरेको छ ।

अनुसन्धानले लामिछानेविरुद्ध मुद्दा चलाउनुपर्ने रायसहितको प्रतिवेदन बुटवल प्रहरीले बुझाएको उनले जानकारी गराए । इलाका प्रहरी कार्यालय बुटवलले लामिछानेसहितका व्यक्तिलाई प्रतिवादी बनाउनुपर्ने रायसहितको प्रतिवेदन जिल्ला सरकारी वकिल कार्यालय रुपन्देहीमा बुझाएको उनले जानकारी दिए । उनले भने-'हामीले आइतबारदेखि नै तयारी गरेका थियौँ । तर बिहीबारमात्रै प्रतिवेदन बुझाएका हौँ ।' बुझाएको प्रतिवेदनको बारेमा धेरै कुराहरु खोल्न नमिल्ने तर्क गर्दै उनले सरकारी वकिलको कार्यालयले आवश्यक प्रक्रिया थाल्ने बताए ।

यता जिल्ला प्रहरी कार्यालय रुपन्देहीका एसपी रन्जित सिंह राठोरले ईप्रका बुटवलले तयार पारेको प्रतिवेदन बुझाइएको बताउँदै आवश्यक अध्ययनपश्चात् अन्य कार्य सरकारी वकिलको कार्यालयले गर्ने दोहोऱ्याए । उनले प्रहरीको अनुसन्धानले मुद्दा चलाउनुपर्ने राय दिइएको व्यक्तिलाई मुद्दा चल्दै आएको स्मरण गर्दै आवश्यक कारबाही सरकारी वकिलको कार्यालयबाट हुने उल्लेख गरे ।

उनले भने-'हामीले प्रहरी अनुसन्धान गरेर प्रतिवदेन बुझाएका हौँ । मुद्दा दर्ता हुनुपर्ने अवस्था देखिएकोले राय दिइएको हो । अब के र कसरी हुन्छ भन्ने कुरा सरकारी वकिलको कार्यालयबाट नै हुनेछ ।'

इलाका प्रहरी कार्यालय बुटवलले लामिछानेलाई चार करोड रुपैयाँभन्दा बढी बिगो मागदाबी गर्नुपर्ने रायसहितको अनुसन्धान प्रतिवेदन जिल्ला सरकारी वकिल कार्यालयमा बुझाएको छ । बुटवलका डीएसपी विजय पण्डितले लामिछानेविरुद्ध व्यक्तिगत २ करोड र सामूहिक २ करोड गरेर चार करोड रुपैयाँभन्दा बढी बिगो मागदाबी हुनुपर्ने रायसहितको प्रतिवेदन बुझाएको बताए ।

अनुसन्धानको क्रममा २ करोड रवि लामिछानेको नाममा गएको भौचर बरामद भएको र गोर्खा मिडिया प्रालिमा गएको रकम गरी ४ करोड बिगो मागदाबी गरिएको डीएसपी पण्डितले जानकारी दिए ।

बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणमा पूरक अनुसन्धान गरेर प्रहरीले बिहीबार लामिछाने, पूर्वडीआइजी छविलाल जोशीसहित १४ जनाको अनुसन्धान प्रतिवेदन प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय रुपन्देहीमा बुझाएको हो । इलाका प्रहरी कार्यालय बुटवलका डीएसपी विजय पण्डितले पुराना २८ र नयाँ १४ गरी ४२ जनाविरुद्ध मुद्दा चलाउने रायसहित सरकारी वकिलको कार्यालय रुपन्देहीमा प्रतिवेदन बुझाएको बताए । उनका अनुसार रविसँगै नेपाल प्रहरीका पूर्वडीआइजी छविलाल जोशी, अनन्तबाबु राई, विज्ञान राई, दीपक लामा, लक्ष्मी पौडेललगायत १४ जनालाई प्रतिवादी बनाउनुपर्ने राय प्रहरीको छ ।

प्रहरीले बुझाएको अनुसन्धान प्रतिवेदन अध्यननकै क्रममा रहेको सरकारी वकिल कार्यालयले जनाएको छ । जिल्ला सहकारी वकिलको कार्यालय रुपन्देहीका प्रमुख प्रेमराज पौडेलले प्रतिवेदन आए पनि कसरी जाने भन्ने छलफलकै क्रममा रहेको बताए । उनले भने-'अध्ययन गरिरहेका छौं । अब कसरी जाँदा उपयुक्त हुन्छ भनेर छलफल भइरहेको छ ।' प्रतिवेदन अध्ययनपछि आइतबार वा सोमबारतिर मात्रै मुद्दा दर्ता गरिने सरकारी वकिल कार्यालयको भनाइ छ ।

यता सूर्यदर्शन सहकारी ठगी प्रकरणमा जिल्ला अदालत कास्कीबाट ६५ लाख धरौटी बुझाएर बिहीबार छुटेका रवि काठमाडौं जिल्ला अदालतमा उपस्थित हुँदैछन् । लामिछानेविरुद्ध काठमाडौंमा भने कालिमाटीस्थित स्वर्णलक्ष्मी सहकारी ठगी प्रकरणमा मुद्दा दायर भएको छ ।

गत आइतबार ३९ जनालाई प्रतिवादी बनाउँदै सहकारी ठगी र संगठित अपराधको कसुरमा मुद्दा दायर भएको थियो । यो सहकारीले ६९० जना बचतकर्ताको १ अर्ब १९ करोड ३० लाख ९० हजार ४९३ रुपैयाँ हिनामिना गरेको आरोप छ ।

## बुटवलका तीन स्थानमा 'ट्राफिक लाइट' जडान



बुटवल । बुटवल- बेलहिया 'सिक्स लेन' सडक खण्डका दश चोक/स्थानमा ट्राफिक लाइट जडान गरिएको छ । २७ किलोमिटर क्षेत्रमा पर्ने यो सडकको बुटवल उप-महानगरपालिकाका ३ स्थान, तिलोत्तमाका ५ र सिद्धार्थनगर (भैरहवा)मा २ स्थानमा स्मार्ट ट्राफिक लाइट जडान गरिएको हो ।

बुटवल उप-महानगरपालिकाको ट्राफिक चोक, मिलनचोक र कालिका चोकमा जडान गरिएका ट्राफिक लाइटको बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेयले उद्घाटन गरे ।

पूर्व-पश्चिम र सिद्धार्थ राजमार्गमा पर्ने यो खण्डमा ट्राफिक लाइट जडान गरेपछि पैदल यात्रुले पनि सहजता महसुस गरेका छन् ।

बढ्दो ट्राफिक जामको समस्या समाधानसँगै दुर्घटना न्यूनीकरणमा पनि सहयोग पुऱ्याउने आशा लिइएको नगर प्रमुख खेलराज पाण्डेयले विश्वास व्यक्त गरे ।

चौडा र फराकिला सडकमा सवारीमा गाडीको चापलाई सहजता प्रदान गर्न 'ट्राफिक लाइट' जडान गरिएको उनको भनाइ छ ।

सवारी चाप, सवारी दुर्घटना तथा अन्य ट्राफिक समस्या समाधानको लागि प्रविधिको विकास र प्रयोगलाई प्राथमिकता दिएको उनले जनाए । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयका प्रमुख प्रहरी उपरीक्षक श्यामबहादुर खत्रीले दुर्घटना न्यूनीकरणमा ट्राफिक लाइटको महत्त्वपूर्ण भूमिका रहने भन्दै यसले कम जनशक्तिबाट धेरै काम गर्न सकिने बताए ।

'स्टेट बाटोमा धेरै लाइट आवश्यक पर्दैन गाडीको भीडभाड हुने र क्रसिङ हुने ठाउँमा ट्राफिक लाइट आवश्यक छ,' खत्रीले भने-'रुपन्देहीमा अहिले सवारी चाप धेरै छ । यसलाई व्यवस्थित गर्न ट्राफिक लाइट जडान उपयुक्त भएको छ ।'

**ध्वनी प्रदूषण गर्ने मोटरसाइकललाई कारबाही**

यता चर्को आवाजमा मोटरसाइकलको आवाज निकालेर ध्वनी प्रदूषण गराउने माथि ट्राफिक व्यवस्थापन कार्यालयले कारबाही अभियान सुरु गरेको छ ।

मोटरसाइकलको साइलेन्सर मोडिफाइ (परिमार्जन) गरेर चर्को आवाजमा पड्काउँदै हिंड्नेहरूलाई नियन्त्रणमा लिएर कारबाही गर्नुका साथै जरिवाना गरिने यातायात प्रहरी उपरीक्षक श्यामबहादुर खत्रीले जानकारी दिए ।

इलाका प्रहरी कार्यालय बुटवलसँगको सहकार्यमा ट्राफिक प्रहरी कार्यालयले बिहीबार एकै दिनमा ११ वटा मोटरसाइकललाई नियन्त्रणमा लिएको छ । यसैगरी यसअघि विभिन्न समयमा नियन्त्रणमा ल्याएकासहित १७ वटा मोटरसाइकललाई जरिवानासहित कारबाही प्रक्रिया अघि बढेको जानकारी गराइएको छ ।

ट्राफिक प्रहरीले चालू आर्थिक वर्षमा ६१ वटा मोटरसाइकल तथा स्कुटरलाई नियन्त्रणमा लिएर जनही १० हजारका दरले जरिवाना गरी ६ लाख १० हजार राजस्व संकलन गरेको छ ।


**प्रतापपुर गाउँपालिकाको अनुरोध**

**शीत लहर तथा चिसोबाट जोगिन गर्ने पूर्व तयारीहरु**

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौ ।
- शीतलहरको समयमा घर बाहिर खुल्ला स्थानमा धेरै समय नबिताऔं ।
- रातको समयमा न्यानो सिरक, कम्वल जस्ता ओड्ने प्रयोग गरौं र सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रवन्ध मिलाउने ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई बिशेष गरेर चिसोबाट जोगाउने ।
- चिसो समयमा शरीरलाई चाहिने तातो र झोलिलो खानेकुरा पर्याप्त खाने ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा बिशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने ।
- कोठाभित्र झ्याल ढोका बन्द गरी हिटर वा कोइला बालेर नसुत्ने, कोठाभित्र आगो, कोइला वा हिटर बाल्दा पर्याप्त भेन्टिलेटरको व्यवस्था मिलाउने ।

**प्रतापपुर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश, नेपाल**

दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८१ पौष २७, गते शनिबार

तपाईका लागि...



**बिट्विन द लाइन्स्...**

'जबजब पार गर्दै जान्छु जिन्दगीका बाटोहरू
जान्न थाल्छु यी वर्षहरू के-के बन्न सक्छन्।
जब म सोच्छु, आशाहरू बढ्न थाल्छन्
अनमोल सम्झनाहरू मेरो छातीभरि भरिन्छन्।'

– बब डिलन, प्रिसियस मेमोरिज्

कथा

## खलासी नं. २८६

**वनमाली निराकार**

**ठ्याक-ठ्याक**

बस एकै झट्कामा कुद्न थाल्छ। म बसको पछिल्लो सीटमा बसेको छु। बस कुद्दै गरेको हुन्छ र मेरो दिमाग पनि बसको कुदाइसँगसँगै कुदिरहेको हुन्छ। मानिसको जीवन पनि विचित्र छ। मानिसको जीवन पनि बसजस्तै अनेक मोडहरू काट्दै कुदिरहेको हुन्छ। कहिले कुन मोड काटेर कुन स्टपमा रोकिन्छ, कसैलाई थाहा छैन र हुँदैन पनि। मानिसलाई समयको प्रवाहसँगसँगै कुद्नुपर्छ र विभिन्न परिस्थिति तथा वाध्यताका अनेकन् मोडहरू काट्नुपर्छ। कहिले सुगम तरिकाले गन्तव्य स्थानसम्म बस पुग्छ र कहिले यात्राक्रममा घटित दुर्घटनाको कारणले बीचमै यात्रा रोकिन सक्छ। यस्तै मानिसका जीवनले पनि शंका र आशंकाबीच यात्रा शुरु गरेको हुन्छ, तर जीवनक्रममा कुन समय र परिस्थितिमा के कस्तो मोड लिने हो स्वयम् मानिसलाई पनि थाहा हुँदैन। यसैले अहिले पनि बसको पछिल्लो सीटमा बसेर यिनै कुराहरू सोचिरहेको छु।

ठ्याक-ठ्याक-ठ्याक...

यो ठ्याक-ठ्याकले मेरो सोचाइमा अवरोध उत्पन्न हुन्छ। एउटा भारी ट्रक बसलाई उछिनेर एउटा भयावह कोलाहल मच्चाउँदै अगाडि बढ्छ। त्यो कोलाहलले मेरो अन्तर्मनलाई चसक्क छुन्छ र मेरो ध्यान बसको पछिल्लो ढोकामा कार्यरत खलासीतर्फ आकर्षित हुन्छ।

खलासी आखिर खलासी नै हुन्छ। अक्सर हरेक बसका खलासीहरू उस्तै हुन्छन्। वेशभूषा, बोलीचाली र गतिविधि बेग्लै खालको छ। बस रोक्न र कुदाउन दिने संकेत पनि अनौठो पाराको छ। आफ्नो टाउकोमाथि जोडिएको विद्युत्घण्टीबाट उसले संकेत नदिएर हातैले ढोकामा हिर्काएर संकेत दिने गर्छ। यात्रुहरूलाई चढाउन अथवा ओर्लनमा यसले निकै फूर्ति र छिटो छरितोपन देखाउँछ। त्यसैले म ऊतर्फ आकर्षित भएको हुन्छ।

"ठ्याक"को संकेत पाएर बस रोकिन्छ। उसको हनाइ यति छिटो र आकस्मिक थियो कि उसले हानेको भन्ने कुनै भान हुँदैनथ्यो। केही यात्रुहरू ओर्लन्छन् र केही यात्रुहरू बस चढ्छन्। यो ओर्लने र चढ्ने क्रममा पनि उसको कार्य विशेष प्रकारले चलिरहन्थ्यो। यात्रीहरूलाई अलि दरिलो तर अनुरोधात्मक स्वरमा भनिरहेको हुन्थ्यो र यात्रुहरू पनि बसभित्र आफसे आफ मिल्दै बस्ने गर्दथे वा मिलेर उभिने गर्थे। "ल, ल, दाज्यू अलि अगाडि हेर्नुहोस् त। त्यहाँ त्यतिका ठाउँ रहेछ। दिदी, ओहो। तपाईं उभिनुभएको रहेछ,, हेर्नुहोस् त उ त्यहाँ सीट रहेछ। लौ बस्नुहोस् तपाईं, ३ जनाको सीट हो। लौ हेर, त्यो छातो त्यसरी लिने हो।-घोच्दैन र अरुलाई ? तल राख्नुस्– हो ठीक छ....।" त्यसैबेला दुईजना आइमाईहरू रासायनिक मलको बोरामा धान बोकेर सकी नसकी बसमा चढ्ने प्रयासमा हुन्छन्। खलासीले बोरा ट्र्याप्प समातेर ओराल्दै भन्छ, "लौ लौ यत्रो-यत्रो बोरा लिएर किन भित्र पसेको ? माथि राख्नु पर्छ। लौ अधि घचेट्नुस् त म माथि राखिदिन्छु।" त्यसैबेला भर्खरै-भर्खरै ओर्लेकी एउटी बूढीले "बाबु, माबिाट मेरो सामान ओरालिदिनुपर्‍यो" भनी। ऊ बोरा चढाउन र सामान लिइदिन बसको छतमा चढ्छ। केही छिनै ठ्याक-ठ्याकको आवाज सुन्छु– शायद ड्राइभरले पनि संकेत सुनेछ, बस कुद्न थाल्छ। तर पछाडिको ढोका खुलै छ र यताउता हल्लिरहेको छ। खलासी छैन। मेरो मनमा आशंका जाग्छ– संकेत दिइसकेपछि तुरुन्तै बस चढ्न नसकेर छुट्यो कि। अक्सर खलासीहरू यस्तै गर्छन्। बस नचढीकनै संकेत दिन्छन् र बस कुद्न थालेपछि आफू पनि कुद्दै बस चढ्छन्। तर म खुलै रहेको ढोकाबाट बाहिर चियाउँछु, उसलाई देख्दिनँ। सोच्छु, बस रोकिदिनुपर्छ वा चालकलाई खबर गरिदिनुपर्छ। तर मेरो सोचाइमा अचानक ब्रेक लाग्छ, किनकि खुलै रहेको ढोकाबाट एउटा खुट्टा तुर्लुंग झुण्डिएको देख्छु। एक्कासि मन सिरिंग हुन्छ, र अनेक शंका उपशंका उत्पन्न हुन्छ। मेरो खुट्टा लगलग काम्न थाल्छ। अब म चिच्चाएर बस रोक्न पनि सक्दिनँ, किनकि मलाई त्यो खुट्टा खलासीकै हो भन्ने पनि लागेको हुँदैन। तर हेर्दा हेर्दै त्यो झुण्डिएको खुट्टाले झ्यालमा टेक्छ। अघि भर्खरसम्म मेरो मनमा उठेको शंका, डर र त्रास अलि कम भएर आउँछन्। अब बिस्तार बिस्तार उसको शरीर देखिन थाल्छ। एउटा हातले हल्लिरहेको ढोका समात्छ र खुट्टाले तल टेक्छ। यसरी त्यो मानिस बसभित्र पस्छ अनि बल्ल म उसलाई राम्ररी चिन्छु–ऊ खलासी रहेछ। अनायास मेरो मुखबाट लामो सास निक्लन्छ र आश्वस्त हुन खोज्दै उसलाई गहिरिएर नियाल्छु–खलासी।

हो, ऊ एउटा मामुली खलासी नै हो जसको कुनै अस्तित्व हुँदैन, कुनै इज्जत हुँदैन, कुनै महत्त्व हुँदैन। सबैले उसलाई अपेक्षित व्यवहार गर्छन्। बस धुनुपर्‍यो–खलासी, बसभित्र कुचो लगाउनुपर्‍यो–खलासी, कसैले बान्ता गर्‍यो, सफा गर्नुपर्‍यो–खलासी, सामान चढाउनु, ओराल्नुपर्‍यो–खलासी। इन्जीन तातेर आयो, पानी राख्नुपर्‍यो–खलासी। ड्राइभर, कण्डक्टर र बसमालिककै पनि व्यक्तिगत कामहरू गर्नुपर्‍यो–खलासी। यस्ता अनगिन्ती कामहरू र उपेक्षित व्यवहारहरूबाट पीडित एउटा निरीह प्राणी हुन्छ खलासी। बाटोमा कतै बास परेको बेला ड्राइभर र कण्डक्टरले बस उसकै जिम्मा लगाएर भट्टी पसलको आरामदायक ओछ्यानमा सुखद निंद निदाएको बेला ऊ सडकको बीचमा उभिएको बसभित्र एउटा मैलो च्यादरमा बेरिएर एउटा सीटमा गुडुल्किनुपर्छ।

यसबीच बस रोकिन्छ। कोही ओर्लन्छन्, कोही चढ्छन् र बस फेरि कुद्न थाल्छ। मेरो ध्यान खलासीमै अड्केको छ। उसको उमेर यही १७/१८ वर्षको हुनुपर्छ। रौं अलि लामो र नकोरिएको खजमज्ज छ, हाफ पायन्ट लगाएको छ, तर त्यसको वास्तविक रंग चिनिदैन। माइकल जैक्शनको तस्वीर छापिएको पुरानो खालको भेस्ट लगाएको छ। कपडा र हात-खुट्टामा मोबीलका काला दागहरू लागेका छन्। खुट्टामा एकदमै सस्तो मूल्यमा पाइने टायरकै चप्पल छ। म सोच्छु बस् पनि टायरकै भरमा चलेको छ। बस भन्नु नै खलासी हो र खलासी भन्नु नै बस हो। यी दुईमा अटूट नाता छ। उसकै इशारामा बस चल्छ, उसकै संकेतमा बस रोकिन्छ। उसले चढ्न दिएमा यात्रुहरू चढ्न पाउँछन्, नत्र पाउँदैनन्। यस अर्थमा बसको वास्तविक चालक त खलासी नै हुन्छ। नभन्दै खलासीले 'ठ्याक्क' हिर्काउनासाथ बस रोकिन्छ। कोही ओर्लन्छन्, कोही चढ्छन्। चढ्नेहरूमा एउटी अधबैंसे थरुनी पनि हुन्छे जसको साथमा काखको समेत साना ठूला गरेर ५ जना केटाकेटी हुन्छन्।

पुनः खलासीको संकेतमा बस कुद्न थाल्छ। त्यो आइमाई र उसका बच्चाहरू जो भर्खरै बसमा चढेका हुन्छन् बसको झट्काले यताउता थचारिन पुग्छन्। हामी पछाडिको सीटमा बडो असजिलो तरिकाले बसेका हुन्छौं तैपनि उनीहरूलाई बढी थचारिन दिन्नौ र कुनै तरहले खडा हुनमा सहयोग गरिदिन्छौं। त्यसैबेला मेरो साथीले त्यस आइमाईलाई उसकै भाषामा सोध्छ, "के यी सबै बच्चाहरू तेरै हुन् कि क्या हो ?"

"हैन, हैन। मेरो त काखमा भएको एउटा मात्रै हो।" उसले एकदमै आत्तिएर जवाफ दिन्छे।

ऊ आत्तिएको देखेर मेरो साथी जोडले हाँस्न थाल्छ। कुरो के रहेछ भने तराईतिर परिवार नियोजन केन्द्रका कार्यकर्ताहरूले धेरै छोराछोरी हुनेहरूलाई सरकारले पक्डन्छ भन्ने कुरा बताएर परिवार नियोजन गर्नमा प्रेरणा दिंदा रहेछन्। त्यसै डरले उनीहरू धेरै छोराछोरी भएता पनि एउटै बताउँदा रहेछन्। उनीहरूको अज्ञानताले नै यसो भएको हो। जनसंख्या विस्फोटबाट आवश्यकता पर्ने थिएन। देशको कुनाकाप्चामा व्याप्त अज्ञानता र अशिक्षाप्रति चिन्ता लागेर आउँछ। बस कुदिरहेछ, यात्रुहरू पनि आफ्नै तालमा मस्त छन्, तर म भने खलासीकै तानाबाना बुन्नमा लागिरहेछु।

खलासीले एकचोटि 'ठ्याक्क' ढोकामा हिर्काएपछि बस रोकिन्छ। मानिसहरूमा हलचल हुन्छ। कोही ओर्लन्छन् र कोही चढ्छन्। यसै क्रममा ५ जनामध्ये एउटा बच्चाको खुट्टा कसैले कुल्चिदिएछ, ऊ डाँको छोडेर रुन थाल्छ। अर्कोको हातबाट गुच्चा खसेछ र ऊ पनि गुच्चाको निम्ति रुन थाल्छ। केही यात्रुहरूबाट टीका-टिप्पणी हुन थाल्छ। यसैबीच एउटी युवती एउटा हातले साडीको मुजा समेट्दै र अर्को हातले पर्स झुण्ड्याउँदै बस चढ्छे। खलासीको अनुहार उज्यालो देखिन्छ। बस चढेर दण्डी समातेर राम्ररी उभिंदासम्म राम्ररी नियालेपछि मात्र उसले बस कुदाउने संकेत दिन्छ– ठ्याक। ठ्याक।

खलासीमा आँखा स्थिर भएर एकै ठाउँमा केन्द्रित भएको देखेर मेरा आँखा पनि उसकै दृष्टिलाई पछ्याउँदै जान्छन्–उसका आँखा त अघि भर्खर चढेकी युवतीमाथि पो स्थिर रहेछन्। ऊ यसरी एकाएक गम्भीर भएर हेरिरहेको देखेर म छक्क पर्छु। अघि भर्खरसम्म देखा परेको अस्थिरता र चंचलता शीतको थोपा घाममा हराए झैं हराइसकेको छ। उसको आँखामा एउटा सुखद भविष्य देखापरेजस्तो लाग्छ। मेरा आँखा उसलाई निरीक्षण गर्दा गर्दै उसको टाउकोमाथि आँखा पर्छ। जस्तो कि धेरैजसो बसहरूमा देखिने गर्छ–यहाँ पनि माथि दुई पंक्तिको एउटा कविता (अझ यसलाई शायरी भनौं) लेखिएको छ।

"चिच्याएर मात्र गीत हुँदैन,
ताल नमिलेको रागजस्तो।
खलासीको पनि कुनै जीवन हो र,
फूल नफुल्ने बागजस्तो।"

यी पंक्तिहरूमा कविता या शायरी हुनुका आवश्यक तत्त्वहरू छन्, छैनन् भन्ने कुराहरूमा भन्दा पनि यसको खलासीको सन्दर्भ हेर्नु बढी उपयुक्त लाग्छ मलाई। हुन पनि यी दुई पंक्तिमा व्यक्त गरिएजस्तै खलासीको जीवन छ। जीवनमा एउटा आकर्षण हुनुपर्छ, लय र राग हुनुपर्छ। हो, गीत र जीवनको निकटतम सम्बन्ध हुनैपर्छ। यी पंक्तिले खलासीहरूको वास्तविक जीवनको प्रतिनिधित्व गरेजस्तो लाग्छ। शायद उसले आफ्नो जीवनमा कुनै फूल फुल्ने आशा गरेको छैन, कुनै आकर्षणको अनुभव पनि गरेको छैन र सुखद भविष्यको कल्पनासम्म पनि छैन। खलासी वास्तवमा एउटा निरीह प्राणी हुन्छ जो ड्राइभर, कण्डक्टर र स्वयम् मालिककै दया, माया र सहानुभूतिमा बाँचिरहेको हुन्छ। कतै कुनै समयमा कुनै एकको चित्त बुझेन भने उसलाई खलासीको नोकरीबाट हट्नुपर्छ। कुनै स्थायित्व छैन उसको जिन्दगीमा।

मलाई ऊसँग कुरा गर्न मन लाग्छ।

"हैन भाइ, तिमी त निकै फूर्तिलो देखिन्छौ नि।"

"के गर्नु ? फूर्ति नदेखाउने हो भने त बाँच्नै मुस्लिक छ यो संसारमा आजकल, होइन र दाई ?" उसले मलाई नै प्रश्न राखेर पपनि चित्त बुझ्दो उत्तर दिन्छ।

"घर कता पर्‍यो ? किन र कसरी खलासी हुन आइपुग्यौ त ?" म पुनः सोध्छु।

मेरो प्रश्न सुनेर अलि गम्भीर हुन्छ र लामो सास छोडेर भन्छ, "बस्, सबै किस्मतको खेल हो। आफ्नो दर्द, पीर दोहोर्‍याएरै के गर्नु र ? मानिसले सोचजस्तो हुने भए आज संसारको रुपरंग नै अर्कै हुन्थ्यो होला। के के सोचिएको थियो, जिन्दगीलाई कस्तो कस्तो बनाउने सपना देखिएको थियो, के के न गर्न सकिएला भनेर घर, परिवार छोडेर हिंडिएको थियो। तर के हुन गयो, के भइयो यी सबै सोचर वा भनेर केही हुन सक्दैन। शायद यसैलाई जिन्दगी भन्दा रहेछन् कि...।"

अरु पनि के के भन्थ्यो कुन्नि त्यसै बेला अघि चढेकी युवतीले "ए भाइ, लौ लौ रोकिदेऊ त" भन्दा पो झसङ्ग भएर अनायास ढोकामा हिर्काउँछ जोडले–ढ्याक्क।

म उसको काम गराइमा पहिलेजस्तो फूर्ति देख्दिनँ, चञ्चलता पाउँदिनँ। नितान्त गम्भीर भएर युवती आर्लेको हेरिरहन्छ। उसको अनुहारमा ग्लानि, पश्चाताप र दिक्कपना छाएजस्तो लाग्छ। बस पुनः चल्छ। म फेरि कुरा गर्न थाल्छु, "हैन भाइ, तिमीले बस चलाउन सिक्यौ त ?"

"सिकिसकेको छ।" यस्तो जवाफ दिंदा उसको अनुहारमा सुखद भविष्यको कल्पनाका तरंगहरू तरंगित भएको प्रष्ट आभास पाउँछु। शायद उसको मनमा ड्राइभर हुन सकियो भने त जीवन केही व्यवस्थित हुन सक्नेछ वा अलि राम्ररी बाँच्छ सकिनेछ, मन परेकी केटीसँग बिहे गरेर जीवन सुखद बनाउन सकिनेछ वा अलि राम्ररी खान र लगाउन सकिनेछ र अर्काको दया, माया र सहानुभूतिमा त बाँच्नुपर्ने छैन, सोचेको छ। त्यसैले अनुहार आशातीत लहरहरूले उज्यालो बनाएको हुन सक्छ। वातावरणलाई अलि हलुका बनाउने प्रयत्नमा म भन्छु, "तिमी यस्तो चञ्चल छौ, सर्कसमा भन्दा बढ्ता फूर्ति देखाउँछौं। त्यसैले तिमीले चलाएको बस चढ्न त डर लाग्छ, बा।" यो सुनेर ऊ एकचोटि उन्मुक्त हाँसो हाँस्छ र भन्छ, "दाइ पनि मजाक गर्नुहुन्छ। सधैं यस्तै चकचके र फूर्ति देखाएर मात्रै काम चल्छ र ? यो त समयअनुसार हुने कुरा हो। आखिर मानिस समय र परिस्थितिको दास न हो। समय अनुसार परिवर्तन हुन करै लाग्छ। हैन र ? म ड्राइभर भए पछि भेट भएमा त्यसबेला नै कुरा गरौंला, हुन्न र दाइ ?"

उसको कुरा सुनेर म एकछिन जिल्ल पर्छु र कति सजिलो तर नजानिंदो पाराले उसले मलाई चुनौती दिइरहेछ प्रष्ट अनुभव गर्छु। यति बेला मलाई ऊ खलासीको स्तरभन्दा निकै माथि पुगेजस्तो लाग्छ। उसको बोलाइ, तर्क गराइ कुनै विद्वानको भन्दा कम नभएको अनुभव गर्छु।

सानोतिने दुःख, पीर र परिस्थितिले यो खलासी पक्क आएको छैन जस्तो लाग्छ। उसको काम गराइको सन्तुष्टपन जीवनप्रतिको दृष्टिकोण तथा भविष्यप्रतिको निश्चिन्तताले मलाई निकै प्रभाव पार्छ। उसको विषयमा धेरैभन्दा धेरै जान्न पाए हुन्थ्यो जस्तो लाग्छ, तर समय खुस्किसकेको छ। उसले भने झैं म पनि मानिसको नाताले समयको दास बन्नुपर्छ। त्यसैले ऊसँग कुरा गर्ने समय पाउँदिनँ। मन बाँध्नुपर्छ, किनकि हाम्रो गन्तव्य बस स्टप आइपुग्छ। उसले एकपल्ट 'ढ्याक्क' हानेपछि बस रोकिन्छ। म र मेरो साथी आ-आफ्नो झोला टिपेर ओर्लन्छौं। बस अगाडि बढ्छ र बसको पछाडि रातो बत्ती सानो हुँदै जान्छ, तर मेरा आँखा बत्तीमा भन्दा त्यहींनेर लेखिएका शब्दहरूमा अडिन्छन्। लाग्छ मानौं ती शब्दहरूका माध्यमबाट पुनः एकपल्ट चुनौती दिइरहेछ– "फेरि भेटौंला, नमस्ते।"

बस ओझेल भइसकेपछि बल्ल सम्झना आउँछ उसको नाम सोध्न त बिर्सिएछ। तर लगत्तै सोच्छु प्रायः सबैजसो खलासीको नाम एउटैजस्तो हुने गर्छ– कृष्णबहादुर, रामबहादुर, दलबहादुर वा हरिबहादुर। म उसलाई यो बहादुरवाला नाममध्ये एउटा पनि दिन चाहन्न, किनकि मैले उसलाई बहादुरवाला खलासीभन्दा निकै माथिल्लो स्तरको ठानिसकेको छु। त्यसैले उसलाई कुनै विशिष्ट मान दिन मन लाग्छ। सोच्दु-सोच्दै निकैबेर घाममा उभिएछु, निधारमा चिट्चिट् पसिना निस्कन थालेछ। टिकट हेर्छु, बसको नम्बर छापिएको रहेछ– बा.अ.ख.२८६। झट्ट ख्याल आउँछ– हो, उसको विशिष्ट नाम हुन सक्छ, "खलासी नं. २८६।"

## गधा र सुप्रसिद्ध लेखकहरूको भेटघाट

**कृश्नचन्दर**

(प्रसिद्ध भारतीय लेखक कृश्नचन्दरको 'एक गधेकी आत्मकथा' निकै लोकप्रिय हास्यव्यंग्य उपन्यास हो। उक्त उपन्यासमा एक गधा पढ्न, लेख्न सिक्छ। उक्त गधाले आफ्नो मालिकको गोहीको आक्रमणमा मृत्यु भएपछि क्षतिपुर्तिको खोजीमा राजधानी दिल्लीको यात्रा गर्छ। जहाँ उसले प्रधानमन्त्री जवाहरलाल नेहरूदेखि लिएर लेखक, कलाकार र समाजका विविध क्षेत्रका मानिससँग भेट गर्छ। उक्त चर्चित हास्यव्यंग्य उपन्यासको एक अंश यहाँ प्रस्तुत गरिएको छ। यो अंश आर.सी. रिजालद्वारा अनुदित तथा संकलित 'भोलारामको आत्मा' पुस्तकबाट साभार गरिएको हो। पुस्तक साहित्य संगम मकवानपुरले प्रकाशन गरेको हो।)

म त्यहाँ उभिएर बडो चनाखो भएर सोचिरहेको थिएँ– अब कता जाऊँ ? यत्तिकैमा के देख्छ भने कपाले गर्धनसम्म झन्डिएको एउटा लेखकजस्तो अनुहार परेको व्यक्ति हातमा इट्टा लिएर मलाई हिर्काउन आइरहेछ। उसको अनुहार विद्वानुको जस्तो थियो, निधार चम्किलो र सेतो दाही। पहिला त ऊ मभन्दा टाढा रह्यो र डराउँदै भन्न लाग्यो– "म अहिंसामा विश्वास गर्छ, नत्र अहिले यही इट्टाले हिर्काउँथे। तेरो भलाइ यसैमा छ कि त सिधै यहाँबाट गइहाल्।" मैले भने– "मेरो पछाडिपछाडि धेरै मान्छे मलाई हिर्काउन लाठो लिएर आइरहेका छन्। त्यसैले उता फर्कन सक्तिनँ। चाहे तिमी हिंसा गर या अहिंसा।"

मैले बोलेको सुनेर त्यो व्यक्तिको हातबाट इट्टा झयो। ऊ हेयाहेयै भयो, अनुहार कालो निलो भयो र दाह्रीको रौं यस्तरी काम्न लाग्यो कि मलाई त डर लाग्यो, कतै उसको दाही अनुहारबाट उछिट्टिएर भुँइमा खस्ने त हैन। कुनै तरिकाले एकछिनपछि त्यो महानुभावले आफूलाई सम्हालेर बडो मुस्किलले बोल्यो–"तिमी को हौ ?"

"गधाको भेषमा आएको म गालिब।" दुनियाँको अनौठो तमासा हेर्न।

यति सुन्नासाथ त्यो व्यक्ति त्यहाँबाट फरक्क फर्कियो। आफ्नो कुर्सीमा पुगेर अरू लेखक साथीहरूलाई भन्न लाग्यो–"मित्रहरू। अचम्म भयो।"

धेरै लेखकहरूले एकैसाथ सोधे– "के भयो ?"

"काका गालिब गधाको भेषमा हामीलाई भेट्न आउनुभएको छ।"

"फटाहा कुरा।"

"यदि नपत्याए आफ्नै आँखाले हेर्नु, आफ्नै कानले सुन्नू– "उहाँ अगाडि नै उभिनुभएको छ।" त्यो महानुभावले मतिर सङ्केत गयो।

यत्तिकैमा पाले, साहित्य एकेडेमीको सदस्य सचिव र उनका सहायक जसको नाम पछि मलाई थाहा भो, श्री डी डी गुडच। उनीहरू सबै लाठो उठाएर मलाई खेद्न आए। तर उही महापुरुषको हातको सङ्केतले उनीहरूलाई रोकेनन् मात्र उल्टै मेरो लागि स्पेसल कुर्सी ल्याउने आदेश भयो।

यसपछि मलाई बडो आदरका साथ लेखकको सभामा बसाए। धेरै मान्छे मलाई आँखा तरितरी हेरिरहेका थिए। आखिर मलाई असह्य भयो र भने–"किन सज्जनवृन्द ? के आजसम्म तपाईंहरूले कुनै गधा देख्नुभएको छैन र यसरी रिसाएर हेर्नुहुन्छ ?"

एक सज्जनले भने–"हामीलाई सब थाहा छ। भन्नोस् तपाईंले आफ्नो यस्तो दशा किन बनाउनुभयो ? केका लागि ?"

मैले भनें–"यो माटोको पुत्लाको शरीरलाई कुनै तरिकाले छोप्नु त हो।"

"भन्नोस् कसरी आउनुभयो ? जहाँ तपाईं हुनुहुन्छ त्यहाँबाट त मुस्किलले नै कोही आउन सक्छ।"

"हजुर। ठीक कुरा सोध्नु भो। म बडो मुस्किलले आएको हुँ। अहिलेसम्म कानमा ती मान्छेका आवाज गुन्जिरहेछ, जो मेरो पछिपछि आउँदै थिए।"

एक मरन्च्याँसे लेखकले एकदम मसिनो स्वरमा भन्यो–"हे महानुभाव। तपाईको सेर जसले एकपटक सुन्छ, सयौंचोटि तपाईंको पछि लाग्छ।"

"सेर ! म आश्चर्यचकित भएँ। उही पहिलो महानुभावले मेरो कानमा भने–"मैले गालिब गधाको भेषमा आउनुभएको कुरा सबैलाई भनिसकें।"

"गालिब ! वाहियात।"

मैले आँखा तरेर उतिर हेर्दै भने–"महाशय। म त एक मामुली गधा हुँ, जसलाई अलिअलि लेखपढ गर्नेसम्मको ज्ञान छ। कहाँ म, कहाँ गालिब।"

एकेडेमीको सदस्य सचिवले भने– "ठीक छ। ठीक छ। मैले बुझिसके, तपाईं नै हो त्यो बोल्ने गधा, जसको फोटो समाचारपत्रमा छापिएको छ।"

"हजुर, बोल्नेवाला गधा त दुनियाँमा धेरै छन्। फोटो कसैकसैको छापिन्छ।" अनि मैले शिर झुकाएर भनें "कृपापूर्वक मलाई भन्दिनु म कुन समारोहमा नबोलाएको पाहुना जसरी आएको छ ?"

सदस्य सचिवले भने– "यो साहित्य एकेडेमी, कलाकेन्द्र र सङ्गीत नाटय एकेडेमीको मिलीजुली सभा हो। तपाई यहाँ भारतको विशिष्ट लेखक, कलाकार सङ्गीतकार तथा नाटककार भेट्नुहुन्छ। त्यो कुर्सीमा बस्ने महानुभावको नाम श्री गणेन्द्रनार्थ नागपाल हो। उहाँ हिन्दीको सबैभन्दा ठूलो उपन्यासकार हुनुहुन्छ। उहाँले दस उपन्यास लेख्नुभएको छ।उहाँको उपन्यासको विशेषता के छ भने जुन कुरा एक उपन्यासमा भन्नुहुन्छ, अर्को उपन्यासमा आफै त्यसको खण्डन गर्नुहुन्छ। उहाँको पूरै साहित्यिक जीवन आफैले भनेको कुराको खण्डनमै व्यतीत भएको छ। त्यसैले त हिन्दी साहित्यमा उहाँको विशेष स्थान छ। उहाँ हाम्रो कार्यकारिणी सदस्य हुनुहुन्छ। उहाँसँग परिचय गरौं– ओभरकोट लाएका चुस्स दाही पालेका, टोपी लगाएका, बूढा उर्दू साहित्यकार। उहाँको कमाल के छ भने विगत पन्ध्र वर्षदेखि उर्दू साहित्यको कुनै पुस्तक पढ्नुभएकै छैन। उहाँ पनि समितिको सदस्य हुनुहुन्छ। उहाँसँग परिचय गरौं– उहाँ सुन्दरसिंहजी हुनुहुन्छ। उहाँ न लेखक, न दार्शनिक, न कवि न सायर तर उच्च श्रेणीका धर्मोपदेशक हुनुहुन्छ। उहाँ पनि कार्यकारिणी समितिको सदस्य। अब उहाँसँग परिचय गरौं श्री डी डी गुडच। गुजराती लेखक हुनुहुन्छ। तर गुजराती अतिरिक्त अन्य भाषाका लेखक तथा उनीहरूका साहित्यमा उहाँका दृष्टि बढी गहिरो छ। उहाँ हुनुहुन्छ– प्रोफेसर अब्दुल सिकुर। यद्यपि उहाँ पनि साहित्यकार हुनुहुन्न। तैपनि विगत पन्धबीस वर्षदेखि यस कुरामा अनुसन्धान गरिरहनु भएको छ कि उर्दूको वर्णमालामा 'अलिफ' को स्थानमा 'ये'बाट सुरू भए कस्तो होला ?

मैले सोधे–"के कस्तो होला ?"

अब्दुल सिकुरले भने–"मेरो विचार यस्तो छ यदि एउटा बच्चा उर्दूको नियमलाई ६ महिनामा सिध्याउँथ्यो भने उसलाई त्यही पूरा गर्न ६ वर्ष लाग्छ।"

मैले सोधे"यसबाट फाइदा के हुन्छ ?" उनले भने– 'यसबाट बच्चाको सम्झने क्षमता दृढ हुन्छ र उसलाई अर्को भाषा सिक्न महाकठिन हुँदै जान्छ।'

"जटिल भाषाबाट फाइदा के छ त ?"

'सही ज्ञान कठिन भाषामा नै सम्भव हुन्छ।' अब्दुल सिकुरजीले फेरि भन्नुभयोहाम्रो यहाँ त सरल भाषा लेख्ने साहित्यकारहरूको प्रवेश नै हुँदैन। हामीले आफ्नो साहित्य एकेडेमीमा यस्तो कुराको विशेष इन्तजाम गरेका छौं कि कुनै त्यस्ता साहित्यकार यहाँ घुस्न नपाऊन् जसले बितेको पन्ध बीस वर्षमा कुनै कुरा, कुनै कामका कुरा, सहज भाषामा भनेका हुन्। हाम्रो अगाडि फ्रान्सको एकेडेमी उदाहरणको रूपमा छ, जहाँ रुसो, भोल्टियरजस्ता साहित्यकारलाई सामेल गरिएको थिएन।'

मैले भने– "तपाईले यस कुरामा गर्व गर्नुको सट्टा लाज पो मान्नुपर्ने।" श्री गणेन्द्रनाथ नागपालले एउटा रसबरीतिर हेरेर योगाभ्यास गर्दै भने–"आआफ्नो विचार हो।"

मैले अन्तै कुरा मोड्दै भने– "भैगो छाडौं यो कुरा, मलाई केटाकेटीदेखि नै पढ्नेलेख्ने सौख छ। के म एकेडेमीको सदस्य बन्न सक्छ ?"

"हो, यही त हो खराबी।" श्री गुडचले हुँदैन भनी टाउको हल्लाउँदै इसारा गरे।

"किन ?"

"यही कि तपाईलाई पढ्नै लेख्ने सौख छ।"

गुडचले मलाई सम्झाउँदै भने–"वास्तवमा हाम्रो एकेडेमीको सदस्य हुन धेरै कठिनाइको सामना गर्नुपर्छ। पहिलो कुरा पचास वर्षभन्दा कम आयुकालाई हामी सदस्य बनाउँदैनौं। किनकि यो समयसम्म उसलाई वास्तविक शब्दमा जिम्मेवार भन्न सकिन्न। तपाई हाम्रो एकेडेमी सदस्य हेर्नोस् एकसेएक बूढा छन्। जसले बसौवर्षदेखि पुस्तक पढेनन्, न पढ्नका लागि इच्छुक नै छन्। पुस्तकभन्दा बढी हाम्रो कार्यकारिणी समितिमा रोगव्याधको चर्चा हुन्छ। कोही हृदयघातको, कोही दमको, कोही आँखा दुख्ने, कोही मूत्र रोगको आदि। हो, यदि तपाई कुनै भयानक रोगबाट ग्रस्त हुनुहुन्छ भने म सदस्यता बारे विचार गरौंला।"

मैले भने– "मेरो स्वास्थ्य त एकदमै राम्रो छ पचास वर्ष पुग्न अझ धेरै वर्ष बाँकी छ।"

श्री गुडचले हाँसेर भने–"त्यसो भए एकेडेमीको सदस्य पनि आकाशको फल सम्झनोस्। त्यसको अतिरिक्त हाम्रा सदस्यले पढ्ने लेख्नेभन्दा बढी सोच्ने, सम्झने गरोस् भन्ने चाहन्छौं। वास्तवमा हामी उत्कृष्ट विचारक पैदा गर्न चाहन्छौं। हाम्रो कार्यकारिणीमा लेखक कम चिन्तक धेरै पाउनुहुन्छ। यहाँ पाँच वर्षदेखि एउटा किताब नलेख्ने, पन्ध्र वर्षदेखि एउटा किताब नलेख्ने र जिन्दगीभर एक पुस्तक पनि नलेख्ने हाम्रो एकेडेमीमा प्रमुख सदस्य छन्। किन ? एक लेखक हुनुको नाताबाट हैन कि, एक प्रमुख चिन्तक हुनुको नाताले। उनीहरूले आफ्नो पढ्नेलेख्ने समयमा आफ्नो जीवनको धेरै समय सोच्ने, विचार गर्ने, विचार गर्दागर्दै झुल्ने र झुल्दाझुल्दै निदाउनमा व्यतीत गरेका छन्।

"क्या भन्नुभो।" मेरो मुखबाट अकस्मात् निस्कियो।

"फेरि हाम्रो एकेडेमीमा नयाँनयाँ आन्दोलनलाई राम्रो मानिँदैन, जो विगत तीस वर्षमा 'भारतका विभिन्न साहित्यहरूमा आए र हेदहिदै देशभर छाए।"

"तपाईंले भन्न खोजेको .........?"

"मेरो सङ्केत मानवतावादी, जनतन्त्रवादी, साम्यवादी, प्रगतिवादी, लेखकका विभिन्न सङ्घसंस्थाप्रति हो।

» बाँकी ३ पेजमा

# समाजशास्त्रीय दृष्टिकोणमा पृथ्वीनारायण शाह

**चैतन्य मिश्र**

(मिश्रको यो लेख 'मदन पुरस्कार समर्पण समारोह २०६९'मा प्रस्तुत गरिएको विद्वद्प्रवचनमा आधारित छ । मदन पुरस्कार गुठीले प्रकाशन गरेको पुरस्कार समर्पण समारोह पुस्तिकामा सङ्ग्रहित मिश्रको प्रवचनबाट उपयुक्त अनुच्छेदहरू साभार गरि सम्पादनसहित यो लेख तयार पारिएको हो । लेख निर्माण प्रक्रियामा प्रवचनको शैलीलाई लेखको शैलीमा ढाल्ने बाहेक मिश्रको आशयमा कुनै फेरबदल गरिएको छैन ।)

ऐतिहासिक चेत विना समाजको विश्लेषण नितान्त अपूरो हुन्छ । विश्वसनीय र प्रामाणिक हुँदैन । मैले पछ्याउने मेरा एक शास्त्रगुरु इम्मानुयल वालरस्टीनले अड्डी कसेका छन् कि राजनीतिशास्त्र, अर्थशास्त्र, समाजशास्त्र, आदि सबै सामाजिक शास्त्रहरू खास समय-स्थानका उपज हुन् । अर्थात्, यी शास्त्रहरू आधुनिक राजनीतिक, आर्थिक, सांस्कृतिक, औद्योगिक आदि उथलपुथलद्वारा पीडित र पोषित इसाको मध्य १९औं शताब्दीको पश्चिमी युरोपका उत्पादन हुन् । अर्थात् शास्त्रहरू आफैँ युगीन अर्थात् ऐतिहासिक उत्पादन हुन् ।

यी त यस्तै अडानबाट मैले सिकेको यो होः ब्रह्माण्ड, विश्व, राष्ट्र, लिङ्ग, जात, वर्ग, परिवार, व्यक्ति आदि सबैको वर्तमानले भूतकालमा अडेस लगाएको हुन्छ । मानव वा समाज निर्मित शृंखलाबद्ध विगत विना वर्तमान मानव समाज, रीतिथिति, राज्य, लिङ्ग, वर्ग आदि केही कसैको निर्माण हुँदैन । अर्थात् वर्तमानका यी समस्त उत्पादनहरूको साथै सिङ्गो वर्तमान युगको मूल प्रकृति खोतल्न हामीले ऐतिहासिक चेत बोक्नै पर्छ । तर यसभन्दा बढी महत्वपूर्ण भने व्यापकता बोकेको ऐतिहासिक चेत हो भन्ने निचोडमा म पुगेको हुँ ।

केही मात्रामा ऐतिहासिक चेत बोकेकोले म समाज र अर्थतन्त्र, राजनीति, संस्कृति आदिलाई स्थिर रूपमा हेर्दिनँ । हेर्नुहुन्न भन्ठान्छु । यसै कारणले म समाजबारे भन्दा सामाजिक परिवर्तनबारे लेख्छु । समाजमा भइरहेको परिवर्तन चिन्न कस्तो चेत निर्माण गर्नुपर्छ भन्ने बारे पढाउँछु । मेरो लागि सामाजिक परिवर्तन र इतिहासको प्रवाह नितान्त एउटै विषयवस्तु हुन् । इतिहासको प्रवाह मानव र समाज निर्मित प्रवाह हो । र साथै ऐतिहासिक प्रवाहले समाजलाई पुनर्गठित गर्छ । विगत, वर्तमान र भविष्यको सन्धिकाल र सन्धिस्थल बुझ्न व्यापक र तुलनात्मक ऐतिहासिक चेत बाहेक अरु कुनै अस्त्र छैन ।

ऐतिहासिक प्रवाह र सामाजिक परिवर्तनलाई एकीकृत रूपमा बुझ्नका लागि मैले सिकेका एक-आपसमा गाँसिएका तीन सवालहरूलाई यहाँ राख्न चाहन्छु ।

पहिलो सवाल व्यष्टि र समष्टि, एक र अनेक, अंश र पूर्ण, वा स्थानिक र व्यापक बारेको हो । यहाँ हल गर्नुपर्ने सवाल यी हरेक जोडीका पाटाहरू बीचको सम्बन्धको प्रकृतिको हो ।...व्यष्टिलाई नै समष्टि सरह ठान्ने अर्थात् थोपामा अल्मलिएर सागर नजरअन्दाज गर्ने, रुखमा अल्मलिएर जङ्गल नदेख्ने वा बालुवाको कण देख्दा मरुभूमिको वा बगरको कल्पना नगर्ने वा न्यून आँक्ने गलत बौद्धिक प्रवृत्ति बारेको हो । र सारमा व्यष्टिको प्रकृतिको पहिचान र विश्लेषण समष्टि अन्तर्गत मात्र नै हुन सक्छ र गरिनुपर्छ भन्ने आग्रहको हो ।

दोस्रो सवाल एक किसिमले पहिलो सवालको अंश हो । यो सवाल व्यक्ति र समाज, आफू र जगत्, र व्यक्तिको जीवनी र समाजको इतिहास बीचको सम्बन्धको बारेको हो । मेरो अर्को एक गुरु सी. हाइट मिल्सले भनेका छन्ः यी माथिका तीन जोडीमध्ये हरेक जोडी बीचको अन्तरसम्बन्ध खोतल्नु समाजशास्त्रको मूल जिम्मेवारी हो । वास्तवमा यी तीनै जोडीहरूमा जोडीको पहिलो पाटोविना अर्को पाटो अस्तित्वमा आउनै सक्दैन । र एउटा पाटो अर्को पाटोसँग अन्तरंग रूपले गाँसिएको हुन्छ । व्यक्ति नभई समाज हुँदैन । साथै समाज नभई मानव गुणयुक्त व्यक्ति पनि हुँदैन ।

त्यसै गरेर आफू अर्थात् 'म' को निर्माण र पुनर्निर्माण समाजसँगको अन्तक्रियाको दौरानमा नै हुने हुन्छ । त्यस्तै कुनै पनि व्यक्तिको जीवनकथा उसको समाजको प्रकृति, गति आदिसँग अभिन्न रूपले गाँसिएको हुन्छ । मलाई लाग्छ, यी तीन जोडीहरूमध्ये हरेक जोडीका दुई पाटाहरू बीचको अन्तरसम्बन्ध खोतल्नु समाजशास्त्र मात्रको जिम्मेवारी नभएर इतिहासशास्त्र लगायत सबै सामाजिक शास्त्रहरू समेतको हो । अझ, उपर्युक्त तीन जोडीहरूमध्ये तेस्रो जोडीसँग त इतिहासशास्त्रको प्रगाढ सम्बन्ध छ । त्यो कस्तो 'व्यक्तिगत' जीवनकथा वा जीवनप्रवाह होला जुन समाज र जगत्को प्रवाहसँग बिल्कुल विमुख रहेको होला वा तादात्म्य बेगरको होला ? विदितै छ, त्यस्तो जीवनकथा वा जीवनप्रवाह सम्भव नै छैन ।

तेस्रो सवाल एकातिर इतिहासको र संरचनाको प्रवाह र अर्कोतिर व्यक्ति वा कर्ताको स्वतन्त्रता वा स्वेच्छा बीचको सम्बन्धको बारेको हो । यो सवाल इतिहासको निर्माण मूलतः समग्र सामाजिक संरचना-अर्थात् आर्थिक, राजनीतिक, सांस्कृतिक आदिको प्रकृति र यीभित्रको र बीचको अन्तरविरोधहरूले गर्ने हो वा व्यक्ति, खास गरेर राजा, राष्ट्राध्यक्ष, प्रधानमन्त्री, राजनीतिक दल आदिले गर्ने हो भन्ने बारेको हो । मेरा अर्का गुरु कार्ल मार्क्सले यसबारे यसो भनेः इतिहासको निर्माता अरु केही वा कोही नभएर मानव नै हो । तर आफूले चाहे जस्तो इतिहासको सिर्जना गर्न मानव स्वतन्त्र छैन । ऊभन्दा अघिका सहस्र पुर्खाहरूद्वारा निर्मित ऐतिहासिक प्रवाहको वजन र धार व्यक्तिगत इच्छा र कर्मले उचाल्न वा मोड्न नसकिने हुनसक्छ । अर्थात्, 'जहाँ इच्छा त्यहाँ उपाय' नहुन सक्छ । गृहिणी, किसान, नागरिक, राजनेता आदि इतिहासको प्रवाहको महत्त्वपूर्ण कर्ता वा निर्माता हुन् । तर चढ्दो ऐतिहासिक शृङ्खलाको धारका सामु यिनका उपाय भुत्ते प्रमाणित हुने यथेष्ट सम्भावना रहन्छ । इतिहासको प्रवाहको वेगको सामु यी पछारिन र बग्न सक्छन् । उता गिर्दो वा अवसान हुनै लागेको ऐतिहासिक प्रवाहको दौरानमा यिनको उपाय धारिलो र प्रभावकारी बन्न पनि सक्छ । यसै गरेर सामाजिक संरचना इतिहासका सबै विन्दुवा अवधिहरूमा उत्तिकै सुगठित र अभेद्य हुँदैन । चढ्दो ऐतिहासिक शृङ्खलाका संरचनाहरू अत्यन्त सुगठित र झन्डै अभेद्य हुन्छन् भने अवसानोन्मुख ऐतिहासिक शृङ्खलाका संरचनाहरू अन्तरविरोधग्रस्त र चिराचिरामा विभक्त हुन्छन् । सघन रूपले विभाजित संरचनाका कर्ताले यो विभाजनलाई शीघ्रता दिन र आफ्नो छाप छोड्न सक्छन् ।

माथि वर्णन गरिएका र एक-आपसमा गाँसिएका ऐतिहासिक चेत सम्बन्धी उल्लिखित तीन सवालहरू नेपालका इतिहासका केही विन्दुहरूमा प्रयुक्त गर्न र त्यसो गर्दा ती विन्दुहरूबारे सम्भवतः बन्न सक्ने नयाँ दृष्टिकोण र नयाँ निचोडबारे छोटकरीमा विमर्श गरौं । पृथ्वीनारायण शाह अध्ययनका विषय हुनसक्छन् ।

लामो कालदेखि पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरे भनेर पढिन्थ्यो । र उनको हैसियत बडामहाराजदेखि पनि बढाएर झन्डै दन्त्य कथाका महानायक र अलौकिक-दैविक तहमा पुऱ्याइएको थियो । र यस्तो अहिले पनि छ । यस्तो हुनु स्वाभाविक पनि छ, यस अर्थमा कि धेरै मुलुकहरूमा यस्तै परिपाटी छ । तर हाल केही वर्ष यता आएर केही नेपालीहरूका लागि भने पृथ्वीनारायण शाह महाखलनायक र दानव बनेका छन् । यो तानातानमा भविष्यमा पृथ्वीनारायण कता पर्छन् हेर्न बाँकी नै छ ।

यी दुई पृथक-पृथक र अन्तरविरोधी दृष्टिकोण र विश्लेषणहरू एक अत्यन्त महत्त्वपूर्ण तहमा भने अन्तरविरोधी छैनन् । बरु समान दृष्टिकोण राख्ने किसिमका छन् । दुवै दृष्टिकोणहरू पृथ्वीनारायण शाहको एक्लो व्यक्तित्वमाथि केन्द्रित छन् । यीमध्ये एकले भन्छ, पृथ्वीनारायणले गरेर नै नेपाल बन्यो । अर्कोले भन्छ, पृथ्वीनारायणले गरेर नै हाम्रो साख गुम्यो । हाल पछिल्लो भनाइलाई छोडेर पहिलोमै केन्द्रित हुने हो भने सिङ्गो नेपालको एकीकरण एक जना पृथ्वीनारायणको वरिपरि सीमित तुल्याउने व्याख्याको औचित्य स्थापित नहुनुपर्ने हो । मेरो कमजोरी छ, म इतिहासकार होइन । यसैले मैले नेपालको एकीकरणबारेका सबै व्याख्याहरू पढेको छैन । तर यो एकीकरणलाई विश्व र दक्षिण एशियाली क्षेत्रमा आउँदै गरेको विशालतम र ऐतिहासिक परिवर्तनसँग नगाँस्दा, र माथिको भाष्यमा व्यष्टिमा मात्र ध्यान केन्द्रित गर्दा र समष्टिसँग नजोड्दा, नेपालको एकीकरणको बुझाइ सतही, दुर्बल, गलत र रहस्यमयी बनेको छ । पृथ्वीनारायण र उनको एकीकरणकाल विश्वकै र यस क्षेत्रको एक अत्यन्त विशिष्ट काल थियो । मुगल साम्राज्यको फुट र नाशको काल थियो त्यो । विश्वको सबैभन्दा बलियो साम्राज्य र पूँजीवादी प्रक्रिया बलियोसँग स्थापित हुँदै गरेको काल थियो त्यो । यस पूँजीवादी साम्राज्यले आफूमा कति तागत भर्दै थियो भन्ने तथ्य त यसैबाट आकंलन गर्न सकिन्छ कि त्यसपछिको १५०-१२५ वर्षसम्म त्यसले 'सूर्य कहिल्यै नअस्ताउने मुलुक' को मान पायो र विश्वमा झन्डै एकछत्र राज गयो । उता भारत (र चीन समेत) विश्वमा सबैभन्दा उच्च उत्पादकत्व भएको मुलुकबाट आर्थिक रूपले छिटोछिटो गिर्दो स्थितिमा थियो । शायद ५०० भन्दा धेरै राजा-महाराजाको कोकोहोलो र विवाद रहेको भारत यो पूँजीवादी शक्तिलाई एकत्रित र संगठित हुँदै डटेर भिड्न र हराउन सक्ने स्थितिमा थिएन । बरु झन्डै हरेक राजा-महाराजा यो पूँजीवादी विश्वशक्तिसँग मिलेर छिमेकी महाराजा, राजा रजौटा आदिलाई हराएर धपाएर निहुराएर आफ्नो भविष्य सुरक्षित पार्न सकिन्छ कि भन्ने ताकमा तल्लीन थिए । नयाँ राज्य बन्ने र पुरानो राज्य भत्किने क्रम सघन र द्रुत दुवै बन्दै थियो । यस परिवेशले नेपाल र खास गरेर काठमाण्डौ उपत्यकाको अर्थतन्त्रमा अत्यन्त नकारात्मक असर पार्दै थियो ।

मल्लकालीन वैभव, सम्पदा र सभ्यता धराशायी हुँदै थियो । यसै कारण काठमाण्डौं उपत्यकाका दरबार, राजा र शायद जनताहरूबीच समेत गृहकलह चर्किदै थियो । सम्भवतः यही प्रक्रिया काठमाण्डौं उपत्यका बाहेकका अन्य राज्यहरूमा पनि सुरु भएको थियो ।

यस विशिष्ट विश्वकीय, क्षेत्रीय र स्थानीय स्थान अवधिमा हो नेपालको एकीकरण भएको । नेपालको निर्माण नितान्त एक 'बहादुर राजा'को कारणले अर्थात् कर्ताको बलले र स्थानिक कारणले मात्र किमार्थ भएको होइन । तसर्थ पृथ्वीनारायण र उनका लडाकु, भारदार आदिलाई उक्त स्थान- अवधिबाट चट्ट उठाएर उनीहरूसँग मात्र नेपालको एकीकरण जोड्दा ऐतिहासिक चेत गुमेको ठहर्छ । व्यष्टिलाई समष्टिसँग जोड्दा र स्थानिकतालाई पूर्ण नठान्दा मात्र यस्तो चेत हासिल हुन्छ । त्यसै गरेर पृथ्वीनारायणको जीवन कथा त्यस स्थान- अवधिको माथि उल्लिखित विशिष्ट किसिमको समाज, राजनीति, अर्थतन्त्र आदिका उतारचढावहरूसँग एकाकार गरेर हेर्दा मात्र सही रूपले आकलन गर्न सकिन्छ । अनि पृथ्वीनारायणको कर्ताको भूमिका खोतल्न पनि त्यस स्थान- अवधिको संरचनाको प्रवाहको सही आकलनले यथेष्ट मद्दत पुऱ्याउँछ ।

## व्यवसायीको हितकालागि महासंघको दर्बिलो साथ रहन्छः श्रेष्ठ

बुटवल । नेपाल कपडा तथा सिलाइ व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष रामकृष्ण श्रेष्ठले सिलाइ व्यवसायीको हितका लागि महासंघको दर्बिलो साथ र सहयोग रहने बताएका छन् । उनले सिलाइ व्यवसायीहरु पछिल्लो समय धरासायी बन्दै गएकोले कला र सीपले खारिएका व्यवसायीको संरक्षणका लागि राज्यको ध्यान केन्द्रित हुन नसकेको बताउँदै त्यसका लागि निरन्तर लाग्ने बताए ।

नेपाल कपडा तथा सिलाइ व्यवसायी संघ रुपन्देहीले शुक्रबार बुटवलमा आयोजना गरेको ५औं वार्षिक साधारणसभामा बोल्दै श्रेष्ठले व्यवसायीका समस्याहरुको समाधानका लागि महासंघले राज्यका विभिन्न निकायमा विशेष पहल गर्ने समेत बताए ।

कार्यक्रममा नेपाल कपडा तथा सिलाइ व्यवसायी महासंघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष रामकुमार रणपालले सदियौंदेखि सिलाइ व्यवसाय चलाएका व्यवसायीहरु पछिल्लो समय चर्को घरभाडा तिर्न नसकी बन्द हुने अवस्थामा पुगेको बताए । रणपालले सिलाइ पेशा संकटमा आएकोले यसको संरक्षण र प्रवर्द्धनका लागि सबै एकजुट हुनपर्ने बताए ।

त्यस्तैगरी परियार सेवा समाज रुपन्देहीका अध्यक्ष लोकबहादुर नेपालीले बोल्दै सिलाइ व्यवसायीहरुको व्यवसाय पछिल्लो समय व्यवसायीहरुले सोचेअनुसार सञ्चालन हुन नसकेको बताए । नेपालीले भने-'सिलाउनेहरुको यो पेशा पछिल्लो समय निजी संघसंस्थाले सस्तो मूल्यमा एकलौटीरुपमा पहुँचको भरमा लिएका छन्, यसको अन्त्यका लागि खबरदारी गर्नुपर्ने बेला आएको छ ।' नेपालीले कार्यक्रममा बोल्दै महासंघका केन्द्रीय अध्यक्ष रामकृष्ण श्रेष्ठलाई रुपन्देही सिलाइ व्यवसायीको तर्फबाट राज्यलाई ध्यानाकर्षण गराउन र व्यवसायीका विभिन्न मागहरुसहितको ज्ञापन पत्र समेत पेश गरेका छन् ।

परियार गुठी तानसेनका अध्यक्ष एवम् नेपाल कपडा तथा सिलाइ व्यवसायी महासंघका केन्द्रीय मानार्थ सदस्य तिर्थ गौतमले बोल्दै रुपन्देही सिलाई व्यवसायीलाई अब्बल बनाउन सबै व्यवसायीहरु एकताको सुत्रमा हुनुपर्ने र त्यसका लागि सबैप्रथमतः त्याग चाहिने बताए । उनले समितिमा रहेका साथीहरुको आत्मबलसंगै रुपन्देही सिलाई व्यवसायीलाई गर्भ गर्न लायक र पेशालाई मर्यादित बनाउन कसरी सकिन्छ ? भन्ने विषयमा जोड दिए ।

नेपाल कपडा तथा सिलाइ व्यवसायी संघ रुपन्देहीका पूर्व अध्यक्ष तथा सल्लाहकार सरोज गौतमले संगठन विभाजनबाट व्यवसायिक एकता सम्भव नहुने भएकोले सबै व्यवसायीहरु आपसमा मिलेर व्यवसायीको हितमा लाग्नुपर्ने बताए । उनले संस्था खोल्नु ठूलो कुरा नभई भएका संस्थालाई नेतृत्व गरी अगाडि बढाउनुपर्ने बताए ।

त्यस्तैगरी नेपाल कपडा तथा सिलाइ व्यवसायी संघ बुटवल नगर अध्यक्ष राजेन्द्रप्रसाद यादव, राष्ट्रिय महिला उद्यमी संघ लुम्बिनी प्रदेशका सचिव मुना राना, नेपाल कपडा तथा सिलाइ व्यवसायी संघ कपिलवस्तुका अध्यक्ष सुशिला श्रेष्ठ, रुपन्देही जिल्लाका पूर्व अध्यक्ष तथा लुम्बिनी प्रदेश सदस्य सुवर्णकुमार रणपाल, नेपाल कपडा तथा सिलाई व्यवसायी संघका केन्द्रीय सदस्य निर्मला परियारलगायतले शुभकामना मन्तव्य राख्दै व्यवसायीको हितका लागि सबै लाग्नुपर्ने बताए । संघले रुपन्देही जिल्ला शाखालाई विभिन्न क्षेत्रमा सहयोग गरेको भनी बुटवल नगर, तिलोत्तमा नगर, देवदह नगर समितिलाई सम्मान गरेको थियो ।

'व्यवसायिक एकता हाम्रो प्रतिबद्धता, उत्पादनमा नयाँ सृजनशीलता - आजको आवश्यकता' भन्ने मुल नारासहित स्थापित संस्था नेपाल कपडा तथा सिलाई व्यवसायी संघ रुपन्देहीले व्यवसायीसंगै सदस्यहरुलाई विभिन्न तालीमहरु प्रदान गरी सामाजिक कार्यमा पनि अघि बढेको छ । संघका जिल्ला अध्यक्ष सुभाष परियारको अध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ उपाध्यक्ष रमेश आब्जुको स्वागत मन्तव्यमा कार्यक्रम सञ्चालन सचिव मधुमाया सेन रायमाझीले गरेकी थिइन ।

**गधा...**

उनीहरूको कामबाट, उनीहरूको साहित्यबाट । तपाईंले ती सङ्घका कुनै व्यक्तिलाई हाम्रो एकेडेमीको सदस्य भएको पाउनुहुन्न ।"

"किन ?" मैले आश्चर्य मान्दै सोधे ।

"बस हामी मन पराउँदैनौ, अरू के ?"

"तर उनीहरूको रचना भारतभर लोकप्रिय छन् । अन्य भाषामा उनीहरूका रचना अनुवाद भएका छन् । भारतभन्दा बाहिर दर्जनौं भाषामा ती रचनालाई आदरसम्मानका दृष्टिबाट हेरिन्छ ।"

"हेरिन्छ होला तर ...........।"

सदस्य सचिवले बीचैमा आएर बोल्न सुरू गरे–"यो भारतीय साहित्य एकेडेमी हो । यहाँ प्रगतिशील लेखक पस्न सक्तैनन् ।"

श्री सुन्दरसिंहले घोचपेचको भाषालाई नरम स्वरमा भने–"कुरा वास्तवमा यो हो । श्रीमान् । हामीहरू पुरातन साहित्यलाई मन पराउँछौं । उर्दूमा गालिबसम्म, हिन्दीमा भारतेन्दुसम्म, संस्कृतमा कालिदाससम्म ।"

मैले सोधे– "यसको मतलब यो भयो कि यसपछि आजसम्म जेजति विभिन्न भाषामा लेखिएका छन्, जेजति संसारभरमा लेखिएका छन्, संसारमा जो नयाँ आन्दोलन चलेको छ, जो घटनादुर्घटना भएको छ, जसले केवल राजनीतिमात्र होइन पूरा जीवनको धार नै बदलिदिएका छन् । उनीहरूसँग तपाईंहरूको केही सम्बन्ध छैन ।"

सदस्य सचिवले मुस्कुराएर सोधे– "तपाईंले घाँस त खानु भएन ?"

मैले भने–"खाएको छैन, खान चाहन्छु ।"

सदस्य सचिवले आफ्नो आतिथ्य प्रेम दर्साउँदै भने–"अहिले नै लिन पठाउँछु" भन्दै उनी त्यहाँबाट गए । मैले टाउको घुमाएर गुडचलाई सोधे– "मेरो त साहित्यकार एवम् साहित्यानुरागीसँग मिलनको यो पहिलो अवसर हो । यसभन्दा पहिले तपाईहरूका पुस्तक पढ्थें । अब भन्नोस्– तपाईहरू, मेरो मतलब– साहित्य एकेडेमीको उपस्थित सदस्यले साहित्य र साहित्यकारको सहायताको सम्बन्धमा के कार्य गर्दै हुनुहुन्छ ?"

श्री गुडचले भने–"अहिले त हामी एउटा लामो सूची तयार पार्दै छौं । ती समस्त लेखक र उनीहरूका समस्त पुस्तकका जो बितेका सयवर्षमा लेखिएका थिए ।" मैले सोधे– "त्यस्ता पुस्तकको सूची कसले बनाउँछ ? जो बितेका सय वर्षमा लेखिएनन् । लेखकको गरिबीको कारण, ती समस्त कविता, ती समस्त चित्र, चित्रकलाका सुन्दर कलाकृतिहरू, ती महान् सङ्गीत, जुन कलाकारको दिमागमा दबिएर रहे, किनकि उसँग खानेकुरा केही थिएन । उसका बच्चा भोकभोकै मर्दै थिए । उसकी पत्नी क्षयरोगले मरेकी थिई । ती समस्त पुस्तकहरू, कविताहरू, चित्र, गीतको सूची कसले बनाउँछ जो हुनसक्थ्यो तर हुन सकेन ।"

श्री गुडचले निहुरिएर 'यो हाम्रो काम हैन' भने ।

"त्यसो भए यो कसको काम हो ? कुनचाहिँ भारतीय एकेडेमीले यस्तो काम आफ्नो हातमा लिन्छ ? त्यो कुन एकडेमी होला, जो लेखकको हृदयको चोटमा मलम लगाउँछ ? जो उनको पुस्तकको रक्षक बन्छ । जसलाई उसले आफ्नो हृदयरक्तले लेखेको हुन्छ । त्यो कुन एकेडेमी होला जो लेखकलाई उचित जीविका जुटाएर उसबाट उपन्यास, कथा, कविता लेख्न लगाउँला ? उनीहरूलाई समाजको सम्मानित व्यक्ति सम्झेर छुट्टी, पेन्सन, आर्थिक सहायता देला । उनीहरूका बच्चाको शिक्षादीक्षाको प्रबन्ध मिलाउला । त्यो कुन एकेडेमी होला जो लेखकलाई मानिस सम्झन्छ । उनीहरूलाई कल्पनामा उड्ने, शून्यमा रहने अमानवी व्यक्ति सम्झनको लागि विवश नहोला ।"

सदस्य सचिवले छिटोछिटो भने– "लिनुस् तपाईंको घाँस आइपुग्यो ।" उसको कृत्रिम हाँसोको पछाडि रिसले मुर्मुरिएको प्रस्ट देखिन्थ्यो । यदि एकेडेमीका नियममा कुनै अतिथि रिसाउँदा गोली हान्ने प्रावधान भएको भए त्यसले मलाई निश्चय नै गोली हान्थ्यो । तर के गरोस् । घाँस प्रस्तुत गर्न विवश थियो ।

मैले यताउति हेरें । यो बहसमा भाग लिन कोही तयार थिएनन् । श्री गणेन्द्रनाथ नागपालजी रसबरी निलिसकेर निद्रादेवीको काखमा गैसकेका थिए । श्री अब्बु अदिव उदाउदै निदाइसकेका थिए । सुन्दरसिंहजी बारम्बार दाढी कन्याइरहेका थिए, लाग्थ्यो उनलाई कुनै नयाँ विचारले सताइरहेको छ । तर त्यो चिलाएको भन्दा अरू केही थिएन । जब मैले देखें कोही लेखक यो खतरनाक बहसमा भाग लिन तयार थिएनन् तब मैले पनि उचित ठानें अब घाँस खान सुरु गर्दिऊँ । एक गधाले योभन्दा बढी गर्न पनि के सक्थ्यो ? विशेष गरेर यस्ता व्यक्तिको फेला परियो जो आफ्नो प्रकृतिले लेखक कम मठका महन्त ज्यादा भान हुन्थे ।

मैले घाँस खान सुरु गरें । एक दुई बुजा चपाएको मात्र थिएँ अर्कोतिरबाट ढोकाको छेस्किनी खोलेको आवाज आयो । त्यता हेरेको त धोती लगाएका एक भलादमी काँधमा दोसल्ला राखी तानपुरा लिएर मुस्कुराउँदै मतिर आउँदै थिए ।

नजिकै आएर भने– "हामीले सुनेका छौं– तपाईंलाई गाना सुन्ने सोख छ रे ?"

मैले भनें– "हजुर । म आफैं एकदम राम्रो गाना गाउँछ । चाहनुहुन्छ भने म अहिले दरबारी विलम्बित (लामो समय लगाएर बिस्तारै गाउने गाना) मा गाउन सुरु गरुँ ?"

उनले हाँस्दै भने–"होइन । अहिले त तपाई गएर हाम्रो सङ्गीतकारबाट गुणकली सुन्नुहोस् । मैले भने–"पर्खनोस्, अलिकति घाँस खाऊँ, फेरि खान पाइने हो हैन ।"

**पूर्व–पश्चिम ...**

यसअघि पूर्वी नवलपरासी खण्डको गैंडाकोटको जय श्री पूल, कावासोतीको लोकाहा पुल, देवचुली दलदलेको बौलाहा खोला पुल भाचिएका थिए ।

जीर्ण अवस्थामा रहेका यि पुलहरु विगत १० वर्षदेखि मर्मत गर्दै सञ्चालन गर्दै आइरहेको छ । बुटवल नारायणगढ सडक विस्तारपछि नयाँ पुल बन्ने कारण देखाउँदै अहिले पुरानै पुलबाट सवारी साधनहरु सञ्चालन गर्ने गरिएको छ ।

यसैबिच पुल मर्मत तथा डाइभर्सन नबन्दासम्मका लागि हल्का सवारी साधनका लागि बिनयी त्रिवेणी गाउँपालिका वडा नं. २ ज्यामिरेबाट भित्री बाटो त्रिवेणी क्रसर हुँदै गुम्बाचोक निस्कने र ठूला सवारी साधनका लागि ज्यामिरे पेट्रोलपम्प नजिकैबाट सिजी सिमेन्ट उद्योग चोक, डाँडाचौरहुँदै होडसी गेट निस्कने गरी वैकल्पिक बाटो प्रयोग सुरु गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपुरका प्रहरी निरीक्षक जनकराज बन्जाराले बताए । कैकल्पिक बाटो प्रयोग गरिए पनि बाटो वैकिल्पक बाटो चिप्लो र कच्ची भएका कारण लामो समय चल्ने सम्भावना स्थानीय कृष्ण पाण्डेले बताए ।

हल्का सवारी साधन हिड्नका लागि तय गरिएको बाटो २ किलो मिटर बढी लामो छ भने मालबहाक र ठूला सवारी साधन चल्ने भनि तय गरिएको बाटो ८ किलामिटर बढी लामो छ ।

त्यसैगरी मंगलबार रातिदेखि अवरोध भएको बुटवल-नारायणगढ सडकको दाउन्ने क्षेत्र दुईतर्फी खुल्नेमा अनिश्चित देखिएको छ । शीतलहरका कारण उक्त सडक खण्ड चिप्लो भएपछि तीन दिनदेखि एकतर्फी सञ्चालन गरिँदै आइएको छ । उक्त सडक खण्ड विस्तारको क्रममा छ । विस्तारका क्रममा राखिएको माटो शीतलहरका कारण हिलोसँगै चिप्लो भएपछि सवारी आगमनमा कठिनाइ भएको हो ।

दाउन्नेको खुर्सानी खोलामा लेदोसहितको हिलोले सवारी आगमनमा अवरोध पुऱ्याएको हो । त्यसबाहेक पनि राजमार्गका ठाउँ ठाउँमा सडक चिप्लो रहेको छ ।

शुक्रबार घाम लागेसँग सडक एकतर्फी भए पनि पूर्णरुपमा सञ्चालनमा आउन अझैं केही दिन लाग्ने जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासीका प्रहरी नायव उपरीक्षक रेशम बोहोराले बताए । हिलो र चिप्लो सडकमा फेरि ग्राभेल राख्दा झन् लेदो हुने र सवारी साधन फस्न सक्ने भएकाले शीतलहर कम नभएसम्म पूर्ण रूपमा सवारी साधन सञ्चालनमा कठिनाइ हुने डीएसपी बोहराले जानकारी दिए ।

**महँगी...**

गत आर्थिक वर्षको मंसिरमा खाद्य तथा पेयपदार्थ समूहको मुद्रास्फीति पाँच प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ४.९२ प्रतिशतले वृद्धि भएको थियो । खाद्य तथा पेयपदार्थ समूहको महँगीदर करिब दोब्बरले वृद्धि हुँदा गैरखाद्य तथा सेवा समूहका महँगीदर भने घटेको छ । खाद्य तथा पेयपदार्थ समूहमा पनि उपभोक्ताको दैनिक भान्सामा अत्यावश्यक तरकारी उप-समूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ४३.०५ प्रतिशतले बढेको छ ।

त्यस्तै, दाल तथा गेडागुडीको १०.६६ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको ९.७० प्रतिशत र घ्यू तथा तेलको ९.३९ प्रतिशतले बढेको छ । मरमसला उप-समूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक १.१८ प्रतिशत र चिनी तथा चिनीजन्य पदार्थको ०.८३ प्रतिशतले घटेको छ ।

गैरखाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उप-समूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ७.९८ प्रतिशत, मदिराजन्य पेयपदार्थको ७.०१ प्रतिशत, कपडाजन्य तथा जुत्ताचप्पलको ६.७५ प्रतिशत र फर्निसिङ तथा घरायसी उपकरणको ५.२९ प्रतिशतले बढेको छ ।

**अनुसूची–१५**

**(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)**

**काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०८१/०९/२७**

श्री प्रभात सामुदायिक वन उपभोक्ता समूह, शिवराज न.पा. ०९, कपिलवस्तुको वन क्षेत्रबाट नियमानुसार आ.व.२०७९/०८० मा संकलन गरी उत्पादन भएका काठ दाउरा सा.व.उ.स.को घाटगद्दीमा लट बनाई राखिएको खयर, सिसौ र साल जातको गोलिया थान ३१० को ५८५.३८ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । रित पुगेका इच्छुक वन पैदावारमा आधारित (काठ दाउरा) संचालनमा रहेका उद्योगहरुले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन सम्ममा बोलपत्र खरिद गरी २२ औं दिन भित्रमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री प्रभात सामुदायिक वन उपभोक्ता समूह**
**शिवराज न.पा – ९, कपिलवस्तु**

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# भैरहवामा शनिबारदेखि राष्ट्रपति रनिङ शिल्ड



भैरहवा । सिद्धार्थनगर नगरपालिका भैरहवामा चौथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता शनिबारदेखि हुँदैछ । सिद्धार्थनगर नगरपालिकाको आयोजनामा चौथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता पुस २७ देखि २९ गतेसम्म हुँदैछ ।

सिद्धार्थनगर नगरपालिकाले प्रतियोगिताकाबारेमा शुक्रबार पत्रकार सम्मेलन गरी जानकारी गराउँदै सबै तयारी पूरा भएको जनाएको छ । नगरभित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको सर्वागिंण विकासलाई लक्षित गरेर प्रतियोगिता गर्न लागिएको नगर प्रमुख इस्तियाक अहमद खाले पत्रकार सम्मेलनमा बताए ।

विद्यालयस्तरमा रहेका प्रतिभालाई छनौट गरी उत्कृष्ट खेलाडीहरुलाई जिल्लास्तरीय हुँदै प्रदेश र राष्ट्रिय प्रतियोगितामा समावेश गराउने उद्देश्य रनिङ शिल्डको रहेको उनले जानकारी दिए । प्रतियोगिता सिद्धार्थनगर नगरपालिका वडा नम्बर १ स्थित श्री पक्लिहवा माध्यमिक विद्यालयमा, पक्लिहवा कृषि क्याम्पस र वडा नं. ५ स्थित भैरहवा नमूना उच्च माध्यमिक विद्यालयको खेल मैदानमा हुनेछ ।

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताअन्तरगत तेक्वान्दो, एथलेटिक्स, कबड्डी, भलिबल खेल हुनेछन् । भलिबलतर्फ १९ विद्यालयका छात्रहरुको १६ र छात्राहरुको १६ टिमको सहभागिता रहनेछ । त्यस्तै कबड्डीतर्फ १३ विद्यालयका छात्रहरुको ११ टिम र छात्राहरुको १० टिमको सहभागिता रहनेछ ।

तेक्वान्दोतर्फ १५ विद्यालयका छात्रतर्फ १० र छात्रातर्फ १२ टिमको सहभागिता रहनेछ । एथेलेटिक्सतर्फ २० विद्यालयका छात्रहरु ३ सय ८० र छात्राहरु ३ सय ८० को सहभागिता रहनेछ । प्रतियोगिता अवधिभर ४२ वटा इभेन्टमा खेल हुनेछन् । प्रतियोगितामा कुल २७ विद्यालयका ६५० छात्र र ६३९ छात्रा गरी कुल १ हजार दुई सय ८९ विद्यार्थीहरुको सहभागिता रहनेछ ।

सबै इभेन्टतर्फ प्रथम, द्वितीय र तृतीयलाई मेडल तथा प्रमाण पत्र दिइने र प्रतियोगिताको कुल खर्च ६ लाख रहेको नगरपालिकाका शिक्षा शाखा प्रमुख चेतनशील लम्सालले बताए । पत्रकार सम्मेलनमा नगर पालिकाका उप-प्रमुख उमा अधिकारी, प्रमुख कार्यकारी अधिकृत जनक थापाले आ-आफ्ना भनाइ राखेका थिए ।

प्रतियोगिता सञ्चालनका लागि खेल संयोजकहरु पनि तोकिएको छ । तेक्वान्दोतर्फ दीपेन्द्र बुढाप्रिती, एथलेटिक्सतर्फ मोहन घले, कबड्डीतर्फ महेन्द्रबहादुर सुनार र भलिबलतर्फ दिनेश आचार्यलाई संयोजक तोकिएको छ ।

# पालिकास्तरीय क्रिकेट प्रतियोगिता हुँदै

पाल्पा । रैनादेवी छहरा गाउँपालिका पाल्पाले पौष २८ गतेदेखि २९ गतेसम्म पाँचौं अध्यक्ष कपअन्तरगत क्रिकेट प्रतियोगिता सञ्चालन गर्ने भएको छ ।

'स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद' भन्ने नाराका साथ वडा-वडामा छनोट भएका क्रिकेट क्लबको सहभागितामा कटौजेपानी खेलमैदानमा पाँचौ अध्यक्ष कपअन्तरगत क्रिकेट प्रतियोगिता गर्न लागेको गाउँपालिकाले जनाएको छ ।

खेलकुदको माध्यमबाट युवाहरूमा उत्साह जगाउन, खेलकुदप्रति लगाव बढाउन र स्थानीय खेलकुदको विकास गर्न, नयाँ-नयाँ प्रतिभावान खेलाडीहरु उत्पादन गर्ने उद्देश्यले पालिकास्तरीय प्रतियोगिता आयोजना गर्न लागिएको गाउँपालिका अध्यक्षले रूक्मांगत भट्टराईले बताए ।

खेलकुदले केवल व्यक्तिगत विकासमा मात्र नभइ समाजमा सकारात्मक परिवर्तन ल्याउन ठूलो भूमिका खेल्ने र प्रतियोगितामार्फत् स्थानीय प्रतिभालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउने लक्ष्य गाउँपालिकाले लिएको अध्यक्ष भट्टराईले बताए ।

अहिले नेपालमा क्रिकेटको क्रेज बढेको छ, क्रिकेटमा युवाहरुको आकर्षण दिन प्रतिदिन बढेको छ, यस्तै पालिकास्तरको खेल प्रतियोगिताबाटै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गर्नको लागि अध्यक्ष कप क्रिकेट प्रतियोगिताको आयोजना गरिएको गाउँपालिकाका उपाध्यक्ष युवराज थापाले बताए ।

खेलकुद केवल मनोरञ्जनको माध्यम नभइ स्वास्थ्य, अनुशासन, र सामाजिक एकताको प्रतिक रहेकोले गाउँ-गाउँमा खेलाडी उत्पादन गर्न प्रतियोगिताको आयोजना गरिएको पालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद तिमिल्सेनाले बताए ।

क्रिकेट प्रतियोगितामा प्रथम हुनेले २५ हजार, द्वितीयले १५ हजार, तृतीयले १० हजार, ट्रफि, मेडल र प्रमाण पत्र पाउने रैनादेबी छहरा गाउँपालिका युवा तथा खेलकुद विकास समितिका संयोजक नारायण कार्कीले जानकारी दिए ।

# सुनचाँदी व्यवसायीद्वारा रक्तदान तथा निःशुल्क स्वास्थ्य परीक्षण



बुटवल । बुटवल सुनचाँदी व्यवसायी संघ, बुटवलको दोस्रो अधिवेशनको पूर्व सन्ध्यामा शुक्रबार बुटवलमा वृहत् रक्तदान, निःशुल्क आँखा, मृगौला एवं मधुमेह परीक्षण कार्यक्रम सम्पन्न भएको छ ।

बुटवल उप-महानगरपालिकाकी उप-प्रमुख सावित्रादेवी अर्यालले कार्यक्रमको उद्घाटन गर्दै सबैको विकासका लागि सामूहिक भावनाको विकास हुन जरुरी रहेको बताउँदै स्थानीय सरकारले व्यवसायीहरुसँगको सहकार्यमा उनीहरुको हितमा सधैं काम गर्ने उल्लेख गरिन ।

उनले सुनचाँदी व्यवसायमा रहेको नेपाली महिला कालिगडको अभावलाई पूरा गर्न सीपविकासको तालिम सञ्चालन गरेको स्मरण गर्दै आगामी दिनमा पनि त्यस प्रकारका तालिमलाई निरन्तरता दिने प्रतिबद्धता जनाइन ।

कार्यक्रममा नेपाल सुनचाँदी व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष एवं संघका संस्थापक अध्यक्ष दिपककुमार विकले सुनचाँदी व्यवसायीहरु व्यवसायिक नाफा नोक्सानमा मात्र सीमित नभएर सामाजिक काममा पनि सरिक हुने गरेको बताउँदै व्यवसायमा देखिएका समस्याहरुलाई समाधान गर्न व्यवसायिक एकतामा जोड दिए ।

महासंघका निर्वतमान उपाध्यक्ष जोगलाल विकले व्यवसायको प्रवर्द्धनमा व्यवसायीहरुको सहकार्य र सहअस्तित्वलाई सधैं अगाडि राखेर काम गर्न सबैलाई आग्रह गरे ।

संघका अध्यक्ष गोकुल विश्वकर्माको अध्यक्षता, सचिव चुरामणी विकको सञ्चालन तथा सह-सचिव कृष्ण सुनारको स्वागतमा भएको कार्यक्रममा कार्यपालिका सदस्य सुनिता खड्लुक, संघका प्रदेश उपाध्यक्ष हरिबहादुर सुनार, संघका पूर्व जिल्ला उपाध्यक्ष एसरत्न बज्राचार्यलगायत बोलेका थिए । संघले आफ्ना व्यवसायी, कालिगड तथा अन्यलाई लक्षित गरी कार्यक्रम गरिएको जनाएको छ ।

सो अवसरमा ६० युनिट रगत संकलन भएको थियो भने १ सयभन्दा बढीले निःशुल्क स्वास्थ्य परीक्षण गरेको सचिव चुरामणी विकले जानकारी दिए ।

कार्यक्रममा केपिएल डाइग्नोसिष्ट, बुटवलले प्याकेजमा सहयोग प्रदान गरेको थियो ।

# रैनादेवी छहरामा ४ वटा कार्यविधि पारित



**कृष्ण पोखरेल**
*पाल्पा*

जिल्लाको रैनादेवी छहरा गाउँपालिकाको १७औं गाउँसभाको दोस्रो बैठकले ४ वटा कार्यविधि पारित गरेको छ । गाउँ सभाले कृषि औजार कार्यक्रम कार्यान्वयन कार्यविधि, जैविक मल वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि, दिवा खाजा कार्यक्रम कार्यान्वयन कार्यविधि र दुर्घटना बिमा कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ पारित गरेको हो । पालिकाले हालसम्म ४ वटा ऐन, ४ वटा मापदण्ड, ३ वटा निर्देशिका , ४ वटा नियमावली, १ विनियमावली ४२ वटा कार्यविधि पारित गरेको छ ।

गाउँपालिका उपाध्यक्ष युवराज थापाले १७औं गाउँसभामा कार्यविधि पेश गरेका थिए । गाउँसभामा सदस्य धनबहादुर रायमाझीले सामुदायिक विद्यालयको खाजासम्बन्धी र दानबहादुर थामीले न्यायिक समिति र लक्षित वर्गका सम्बन्धमा सुझाव राखेका थिए ।

गाउँपालिकाबाट कार्यविधि पास भएको र अब योजनाका काम गर्न बाटो खुलेको पालिका अध्यक्ष रुक्मांगत भट्टराईले बताए । उत्कृष्ट कार्य गरेकोमा गाउँसभाले पालिकाका लेखा अधिकृत लिलामणी बस्याललाई सम्मान गरेको छ । गाउँपालिका अध्यक्ष भट्टराई, उपाध्यक्ष थापा, प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद तिमिल्सेना र गाउँपालिकाका प्रवक्ता देवेन्द्र पुनलगायतले उत्कृष्ट कर्मचारीको रुपमा बस्याललाई सम्मान गरेका हुन् ।

अध्यक्ष भट्टराईले गाउँसभाको सार्वजनिक लेखा समिति, अनुगमन तथा सुशासन समिति र कानुन तर्जूमा समिति गठन गरेका छन् । पालिकाले सार्वजनिक लेखा समितिको संयोजकमा गुनबहादुर सन्मानी र सदस्यहरू शान्ता सारु, मुना दर्जी, बुद्धबहादुर राना, तिलबहादुर रानालाई मनोनित गरेको छ ।

यसैगरी अनुगमन तथा सुशासन समितिको संयोजकमा ओकबहादुर रास्कोटी, सदस्यहरू भिमा खाम्चा, कमला पौडेल, दानबहादुर थामी र लोकबहादुर बुढाथोकी मनोनित भएका छन् ।

कानुननिर्माणतर्जुमासमितिकोसंयोजकमाकविता खनाललाईमनोनितगरेकोअध्यक्षभट्टराईलेगाउँसभामा जानकारी दिए ।

# वडास्तरीय भलिबल कप सुरु



देवदह । रुपन्देहीको देवदहमा तेश्रो संगम खुल्ला वडास्तरीय भलिबल कप-२०८१ सुरु भएको छ । संगम युवा क्लब देवदह-३, को आयोजना, चाहना आमा समूहको सह-आयोजना र देवदह नगरपालिकाको सहयोगमा उक्त प्रतियोगिता सुरु भएको हो ।

'स्वास्थ्यको लागि खेल राष्ट्रको लागि खेल' भन्ने नारासहित सुरु भएको प्रतियोगिताको एक कार्यक्रमका बिच देवदह नगरपालिका-३, का वडाध्यक्ष यज्ञप्रसाद अर्यालले उद्घाटन गरेका हुन् ।

प्रतियोगिताको उद्घाटन गर्दै वडाध्यक्ष अर्यालले खेलकुद विकासको लागि नगरपालिका विशेष चासोका साथ लागिरहेको बताए । उनले शिक्षा, स्वास्थ्य, कृषि र खेलकुदलाई नगरपालिकाले प्राथमिकता राखेर अगाडि बढिरहेको जानकारी दिँदै खेलकुदको भौतिक पूर्वाधार विकासमा बजेटको व्यवस्था गरेको जानकारी दिए ।

उनले वडाले पाउने सीमित बजेटबाट खेलकुदको लागि समेत बजेट विनियोजन गरेको दाबी गरे । वडाध्यक्ष अर्यालले विकास निर्माणको लागि राजनीति गर्न नहुने बताउँदै नागरिकको सेवामा जनप्रतिनिधिहरु निरन्तर लागिरहेको बताए । उनले वडाको कुल बजेटको २२ प्रतिशत शिक्षामा लगानी गरेको जानकारी दिए ।

संगम युवा क्लबका अध्यक्ष कवि ज्ञवालीको अध्यक्षतामा भएको कार्यक्रममा क्लबका पूर्वअध्यक्ष घनश्याम भण्डारी, समाजसेवीद्धय कृष्णप्रसाद ज्ञवाली, बेदबहादुर थापालगायतले आ-आफ्ना भनाइ राखेका थिए ।

चाहना आमा समूहका अध्यक्ष युवाकुमारी काम्मुको स्वागत र सचिव पृतम थापाको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो । प्रतियोगिताको उद्घाटन खेलमा आयोजक ए विजयी भएको छ । उद्घाटन खेलमा देवदह-५, लाई सोझो सेटमा पराजित गर्दै आयोजक विजयी भएको हो ।

खेलमा २५-२३, २५-१९ को सोझो सेटमा हराउँदै आयोजक ए दोश्रो चरणमा प्रवेश गरेको छ ।

प्रतियोगितामा प्रथम हुनेले नगद ५५ हजार ५ सय ५५, द्वितीय हुने टिमले नगद ४४ हजार ४ सय ४४ र तृतीय हुने टिमले नगद २२ हजार २ सय २२ रुपैयाँ, शिल्ड, मेडल प्राप्त गर्ने आर्थिक संयोजक टोपबहादुर थापाले जानकारी दिए ।

# शौचालय प्रयोगमा चुनौती

**माधव बेल्वासे**
*कपिलवस्तु*

विजयनगर गाउँपालिकामा शौचालय प्रयोगमा चुनौती देखिएको छ । शौचालय निर्माण भए पनि प्रयोग नभएपछि पालिकालाई टाउको दुखाइको विषय बनेको छ ।

शुक्रबार गाउँपालिकाले एक वृहत् अन्तरक्रिया कार्यक्रम आयोजना गरी सरसफाइको महत्वलाई प्रोत्साहन गरेको छ । सरसफाइलाई अझ प्रभावकारी बनाउन र स्थानीयवासीमा यसको महत्त्वबारे जनचेतना फैलाउने कार्यक्रम भएको हो ।

कार्यक्रममा, पालिकाले अघिल्लो वर्षदेखि हालसम्म गरेको सरसफाइका विविध गतिविधिहरूको समीक्षा गरेको र भविष्यमा गर्ने योजनाहरू पनि सार्वजनिक गरिएको छ ।

गाउँपालिकामा अहिले कुल ६,८१० घरधुरी छन्, जसमा ५,०७४ घरधुरीमा शौचालय निर्माण गरिएको छ । निर्माण भएका शौचालयमध्ये १,८४५ घरधुरीमा शौचालयको प्रयोग भइरहेको छैन, जुन ठूलो चुनौतीको रूपमा देखा परेको छ । गाउँपालिकालगायत अन्य संघसंस्थाहरुको सहयोगमा शौचालय निर्माण भए पनि शौचालय प्रयोग भने कमि रहेको वास संयोजक अर्जुन बेल्वासेले बताए । वडागत तथ्यांक सार्वजनिक गर्दै संयोजक बेल्वासेले शौचालयमा च्याउ, फुसलगायत विभिन्न सामग्री राख्ने गरेका तस्विरहरु प्रस्तुत गरेका थिए ।

गाउँपालिका अध्यक्ष गोपाल थापाले शौचालय निर्माण भएता पनि प्रयोगमा नआउने अवस्थालाई गम्भीर चुनौतीका रूपमा लिँदै यसलाई समाधान गर्न सबैको सक्रिय सहभागिता आवश्यक रहेको बताए । उनले भने-"स्थानीयवासीहरूको सहयोग बिना यो समस्या समाधान गर्न सकिने छैन । सरसफाइ अभावले विभिन्न प्रकारका रोगको समस्या निम्त्याउने हुँदा यसलाई प्राथमिकतामा राखेर काम गर्नुपर्छ ।'

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत शोभाराम रिजालले गाउँपालिकाको सरसफाइ अभियानलाई अझ सशक्त बनाउन विद्यालय र टोल विकास संस्थाहरूको भूमिका महत्वपूर्ण रहेको बताए । 'आगामी दिनमा उत्कृष्ट टोललाई 'टोल विकास रनिङ शिल्ड' प्रदान गर्ने योजना बनाएका छौं,' उनले भने -'यसले टोलहरूको प्रतिस्पर्धात्मक भावना र सरसफाइमा अझैं बढी ध्यान आकर्षित गर्नेछ ।'

यसैगरी, स्थानीय नेता तेजप्रसाद पौडेलले उद्योगहरूमा काम गर्ने कर्मचारीका लागि शौचालय व्यवस्थापनको आवश्यकता रहेकोमा जोड दिए । उनले भने-'उद्योग क्षेत्रमा काम गर्ने मानिसहरूको लागि स्वच्छता र शौचालयको उचित व्यवस्था अनिवार्य छ । यसमा सुधार ल्याउनुपर्ने कुरा स्पष्ट छ ।'

कार्यक्रममा विभिन्न संस्थाका प्रतिनिधिहरूले पनि सरसफाइ अभियानलाई तीव्रता दिने सुझाव दिएका थिए । थर्कबहादुर खगाहले टोल विकास संस्थाहरूलाई अझ प्रभावकारी बनाउन र सरसफाइको अभियानलाई जनस्तरमा पुऱ्याउन सबैले सघाउन आग्रह गरे ।

यस कार्यक्रमले विजयनगर गाउँपालिकाले सरसफाइको महत्वप्रति जनचेतना फैलाउने र समुदायमा सरसफाइको क्षेत्रमा थप पहल गर्ने प्रतिबद्धता जनाएको छ ।


## सरावल गाउँपालिकाको अनुरोध

**शीत लहर तथा चिसोबाट जोगिन गर्ने पूर्व तयारीहरु**

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौ ।
- शीतलहरको समयमा घर बाहिर खुल्ला स्थानमा धेरै समय नबिताऔं ।
- रातको समयमा न्यानो सिरक, कम्वल जस्ता ओड्ने प्रयोग गरौं र सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रवन्ध मिलाउने ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई बिशेष गरेर चिसोबाट जोगाउने ।
- चिसो समयमा शरीरलाई चाहिने तातो र झोलिलो खानेकुरा पर्याप्त खाने ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा बिशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने ।
- कोठाभित्र झ्याल ढोका बन्द गरी हिटर वा कोइला बालेर नसुत्ने, कोठाभित्र आगो, कोइला वा हिटर बाल्दा पर्याप्त भेन्टिलेटरको व्यवस्था मिलाउने ।

**सरावल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश, नेपाल

## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

## ट्वाइलेट सफा गराउनुहोस्

**बुटवल सेनेटरी प्रा.लि.**
९७४५४०५९७३, ९८०७४०९८५२

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com